कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

न्यादी हाईड्रोपावर लिमिटेड
NYADI HYDROPOWER LIMITED

गंगा देवी मार्ग - ३१३, बुद्धनगर,
पो.ब.नं. २६३०५ काठमाण्डौं, नेपाल ।
फोन न. ०१–४७८१७७४६, ४७८५७३६ फ्याक्स नं. ०१–४७८५३९३,
इमेल: nhl@nhl.com.np, वेभसाइट: http://www.nhl.com.np

विवरणपत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

कम्पनीको विद्यमान जारी पूंजी रु. १,५०,००,००,०००/- (अक्षेरपी एक अर्ब पचास करोड मात्र) मध्ये १०% अर्थात रु.१५,००,००,०००/- (अक्षेरपी पन्ध्र करोड) रकम बराबरको रु१००/– अंकित दरका १५,००,००० कित्ता साधारप शेयर आयोजना प्रभावित क्षेत्र लमजुङ्ग जिल्लामा स्थायी बसोवास गर्ने नेपाली नागरिकहरुको लागि निष्कासन गरिएको र २% अर्थात रु ३,००,००,०००/- (अक्षेरपी तीन करोड) रकम बराबरको रु१००/– अंकित दरका ३,००,००० कित्ता संस्थापक शेयरधनी संस्थाका कर्मचारीहरुका लागि निष्कासन गरिएको र बाँकी १५% अर्थात रु.२२,५०,००,०००/– (अक्षेरपी बाईस करोड पचास लाख) रकम बराबरको रु१००/–अंकित दरको २२,५०,००० कित्ता साधारप शेयरको ५% अर्थात ११२५,०० कित्ता साधारप शेयर सामुहिक लगानी कोष र २% अर्थात ४५,००० कित्ता साधारप शेयर कम्पनीका कर्मचारीका लागि छुट्टाइएको र बाँकी २,०९२५०० कित्ता साधारप शेयर सर्वसाधारपहरुको लागि धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को अधिनमा रही निष्कासन गरिएको छ।

आयोजना प्रभावित क्षेत्रमा निष्काशन गर्दा स्थानियलाई छुट्याएको साधारण शेयर मध्ये यस कम्पनीको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तथा पुरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन बमोजिमको अति प्रभावित क्षेत्र लमजुङ्ग जिल्लाको मर्स्याङदी गाउँपालिका वडा नं. ३ (साविक खुदी गा.वि.स. का वडा नं १, २, ३ र ६ मात्र) तथा मर्स्याङदी गाउँपालिका वडा नं ६, ७ र ८ (साविक बाहुनडाँडा गा.वि.स. र साविक भुलभुले गा.वि.स.का सम्पूर्ण वडाहरु) का स्थानीय बासिन्दाहरुलाई रु.५,००,००,०००/- (अक्षेरुपी पाँच करोड) को ५,००,००० कित्ता शेयर र उक्त आयोजना प्रभावित क्षेत्र बाहेक लमजुङ्ग जिल्लाका अन्य क्षेत्रहरुमा बसोबास गर्ने स्थानीय बासिन्दाहरुका लागी बाँकी रु.१०,००,००,०००/- (अक्षेरुपी दश करोड) को १०,००,००० कित्ता शेयर तथा कम्पनीको संस्थापक शेयरधनी संस्था बुटवल पावर कम्पनी लि. र लम्जुङ विद्युत विकास कम्पनी लि. का कर्मचारीहरुका लागि रु रु.३,००,००,०००/- (अक्षेरुपी तीन करोड) को ३,००,००० कित्ता शेयर निष्काशन गरिएको ।

विवरण	कम्पनीको वास्तविक तथा प्रक्षेपित प्रति शेयर रनेटवर्थ, प्रति शेयर आम्दानी तथा संचित नाफा (नोक्सान) मा भएको वास्तविक तथा प्रक्षेपित प्रतिफल देहाय बमोजिम रहेको छ ।							
	वास्तविक			अपरिस्कृत*	प्रक्षेपित			
	आ.ब.	आ.व	आ.व	आ.व.	आ.व	आ.व	आ.व	आ.व
	०७४/०७५	०७५/०७६	०७६/०७७	०७७/०७८	०७८/०७९	०७९/०८०	०८०/०८१	०८१/०८२
प्रति शेयर नेटवर्थ (रु.)	९५.९८	९६.६०	९४.१३	९१.९९	९६.१०	१०९.८३	१२१.६२	१३३.९८
प्रति शेयर आम्दानी (रु.)	(१.३०)	(२.२६)	(२.४४)	(१.८७)	१.९६	१३.७२	१६.७९	१९.८६
संचित नाफा (नोक्सान) हजारमा	(२२,३२०)	(३७,२८५)	(६४,३२४)	(८७,७६४)	(७३,६१६)	१,१३,५३६	२,७१,१७६	४,३६,८०५

*नोट: व्यवस्थापनवाट प्रमाणित वित्तिय विवरणको आधारमा

प्रति मेगावाट लागत सम्वन्धी विवरण:

संगठित संस्थाको प्रति मेगावाट लागत अनुमान Interest During Construction-**IDC समेत रु.२०,३९,२५,१६८.५०/-**
(अक्षरेपी **बीस करोड उनान्चालिस लाख पच्चिस हजार एक सय अठसाठी रुपैयाँ पचास पैसा मात्र**) रहेको छ ।

विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्वन्धि विवरण :

विद्युत उत्पादन अनुमतिपत्र वहाल रहने अवधि मिति **२०६९/११/०३ देखि २१०४/११/०२** सम्म रहेकोले यो विवरणपत्र स्वीकृत भएको मितिवाट उत्पादन अनुमतिपत्र बहाल रहने बाँकी अवधी **२७** वर्ष रहेको छ ।

लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्वन्धि विवरण :

साधारण लगानी फिर्ता हुने अवधि (Pay Back Period) **७.७३** वर्ष रहेको छ र डिस्काउन्टेड लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) लगानी फिर्ता हुने अवधि **१३.८२** वर्ष रहेको छ ।

जलविद्युत आयोजनाको कूल लागत :

जलविद्युत आयोजनाको कूल अनुमानित लागत रु.६,११,७७,५५,०५५/- (अक्षरेपी छ अर्व एघार करोड सतहत्तर लाख पचपन्न हजार पचपन्न मात्र) रहेको छ ।

लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण : धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको पृष्ठ १४-१५ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरी लगानी सम्वन्धी निर्णय लिन सुझाव गरिन्छ ।

नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण : यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो । यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा आयोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण : यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारप शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि., कमलादी, काठमाण्डौंबाट इस्यूर रेटिङ्ग गराई **"[CARE-NP BB (Is) [Double B (Issuer)]"** प्रमाणपत्र प्राप्त गरेको छ।

"[CARE-NP BB (Is) [Double B (issuer)]" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम रहेको **(Moderate risk of default regarding timely servicing of financial obligations)** भन्ने बुझिन्छ। केयर रेटिङ्ग नेपाल लि.ले **CARE-NP AA (Is)** देखि **CARE-NP C (Is)** सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड **"CARER-NP AA(Is)"** ले सकारात्मक आधार जनाउँछ भने **"CARER-NP C (Is)"** ले नकारात्मक आधारहरू जनाउँछ।

इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति :२०७७/०६/२३ (तदनुसार अक्टोबर ९, २०२०) वहाल रहने अवधि २०७८/०६/२२ (तदनुसार अक्टोबर ८, २०२१)

विद्युत नियमन आयोगको पूर्व स्वीकृति सम्वन्धी विवरण : यस निष्काशनलाई विद्युत नियमन आयोगले मिति २०७६/०९/२५ गते च.नं.२३७ प.सं.०७६/७७ वाट पूर्व स्वीकृति प्रदान गरेको छ ।

यस विवरणपत्र मार्फत निष्काशन भएका शेयरहरु मध्ये आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागी विक्रि वितरण गरेको शेयर, संस्थापक शेयरधनी संस्थाका कर्मचारीहरुका लागि निष्कासन गरिएको शेयर तथा सर्वसाधारणका लागी निष्कासन गरेको शेयर मध्ये कर्मचारीहरुलाई छुट्याईएको शेयर बाँडफाँट भएको मितिले तीन वर्ष पूरा नभएसम्म विक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त मिति २०७८/०४/११ कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मिति २०७८/०४/१५
स्थानीय प्रभावित तथा जिल्लावासीलाई धितोपत्र निष्काशन खुल्ला मिति : २०७८/०५/०१ धितोपत्र निष्कासन बन्द हुने मिति (छिटोमा) :२०७८/०५/१५
धितोपत्र निष्काशन बन्द हुने मिति(अन्तिम) : २०७८/०५/३०
संस्थापक शेयरधनी संस्थाका कर्मचारीहरुलाई धितोपत्र निष्काशन खुल्ला मिति : २०७८/०५/०१ धितोपत्र निष्कासन बन्द हुने मिति : २०७८/०५/१०

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक :

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापिटल लिमिटेड
नक्साल, काठमाण्डौं
फोन: ४४४५६४९,४४४५६५० फ्याक्स: ९७७-१-४४४५७०२
Email: info@gicl.com.np ; Website: www.globalimecapital.com

सह निष्कासन तथा बिक्री प्रबन्धक ::

NMB CAPITAL LIMITED
एनएमबि क्यापिटल लिमिटेड
नागपोखरी, काठमाण्डौ
फोन: ९७७-१-४४३७९६३, फ्याक्स: ९७७-१-४४३७९६०
Email: info@nmbcl.com.np Website www.nmbcl.com.np

ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक" भन्नाले ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौं सम्झनु पर्दछ ।

ग) "सह-निष्कासन तथा बिक्री प्रबन्धक" भन्नाले एमएमवि क्यापिटल लिमिटेड, नागपोखरी, नक्साल, काठमाण्डौं सम्झनु पर्दछ ।

घ) "संगठित संस्था/कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी न्यादी हाईड्रोपावर लिमिटेड, बुद्धनगर, काठमाण्डौं सम्झनु पर्दछ ।

ङ) "संस्थापक संगठित संस्था" भन्नाले कम्पनी न्यादी हाईड्रोपावर लिमिटेडमा संस्थापक शेयर धारण गर्ने संस्थाहरु सम्झनुपर्छ ।

च) धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर सम्झनुपर्दछ ।

छ) "संकलन केन्द्र" भन्नाले नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ बमोजिम धितोपत्रको दरखास्त संकलन गर्न अनुमति प्राप्त बैंक तथा वित्तिय संस्थाहरु र तिनका शाखा कार्यालयहरु सम्झनु पर्दछ ।

ज) "आयोजना" भन्नाले कम्पनीद्वारा निर्माणाधीन ३० मेगावाट जडित क्षमताको न्यादी जलविद्युत आयोजना जनाउँदछ ।

झ) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत नियमन आयोगलाई सम्झनु पर्दछ ।

ञ) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन" भन्नाले न्यादी हाईड्रोपावर लिमिटेडको संस्थापक, संचालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापन सम्झनु पर्दछ ।

ट) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

ठ) "वित्तीय विवरण" भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिबर्तनको विवरण र लेखा नीति तथा लेखासंग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ ।

ख.२. <u>विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :</u>

<u>विवरणपत्र पाइने स्थानहरु:</u>

१. ग्लोवल आइएमइ क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौ ।
२. एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौ
३. न्यादी हाईड्रोपावर लिमिटेड, बुद्धनगर, काठमाण्डौं ।

साथै निष्कासन तथा बिक्री प्रबन्धकहरुको वेभसाइट www.globalimecapital.com र www.nmbd.com.npp निष्कासनकर्ता कम्पनीको वेभसाइट http://www.nhl.com.np वा नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्कासनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ।

<u>दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :</u>

स्थानीय बासिन्दाहरुको निष्कासन तथा विक्री खुल्ला गरिदा निम्नानुसारका संकलन केन्द्रहरुबाट दरखास्त बुझिलिने व्यवस्था मिलाइएको व्यहोरा अनुरोध छ ।

१. एनएमवि बैंक लिमिटेड, शाखा कार्यालय, बेशीसहर, लमजुङ्ग
२. सिभिल बैंक लिमिटेड, शाखा कार्यालय, भुलभुले, लमजुङ्ग
३. ग्लोबल आइएमइ बैंक लिमिटेड, शाखा कार्यालय, बेशीसहर, लमजुङ्ग
४. ग्लोबल आइएमइ बैंक लिमिटेड, शाखा कार्यालय, उदिपुर, लमजुङ्ग
५. ग्लोबल आइएमइ बैंक लिमिटेड, शाखा कार्यालय, दोर्दी, लमजुङ्ग
६. ग्लोबल आइएमइ बैंक लिमिटेड, शाखा कार्यालय, भोर्लेटार, लमजुङ्ग
७. ग्लोबल आइएमइ बैंक लिमिटेड, शाखा कार्यालय, सुन्दरबजार, लमजुङ्ग
८. ग्लोबल आइएमइ बैंक लिमिटेड, शाखा कार्यालय, भोटेवडार, लमजुङ्ग

यसका माथि उल्लेखित संकलन केन्द्रहरुको अलावा नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट आस्वा (ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

<u>सर्वसाधाराणको लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु:</u>

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि-आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु ।

ग.१.धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई कम्पनी तथा यसका सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानीसम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Deligence Certificate) प्रस्तुत गरेका छौं ।

ग.२.संगठित संस्थाको उद्घोषण :

ग.२.क. संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्कासन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्कासन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्कासनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :

यस कम्पनीले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक यस कम्पनीका बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता यस कम्पनीमा रहने छैन । साथै, त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

ग.२.ग. नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी उद्घोषण :

यस कम्पनीले प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकायको सार्वजनिक निष्कासन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्कासन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । कम्पनी रजिष्ट्रारको कार्यालयमा सालिन्दा पेश गर्नु पर्ने विवरणहरु पेश गरेका छौं ।

ग.२.घ. संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :

(१) यस कम्पनीको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेका छैनन् ।

(२) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख कालोसूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हितविपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुखकोरुपमा छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

ग.३. संगठित संस्था सम्बन्धी जानकारी :

ग.३.क. संगठित संस्थाको पृष्ठभूमि :

(क) संस्थाको नाम : न्यादी हाईड्रोपावर लिमिटेड **(NYADI HYDROPOWER LIMITED)**

(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

(ग) संस्थाको रजिष्टर्ड ठेगाना : यस कम्पनीको रजिष्टर्ड कार्यालय गंगा देवी मार्ग - ३१३, बुद्धनगर, काठमाण्डौं नेपालमा रहेकोछ ।

(घ) कारोवार गर्ने मुख्य स्थान : यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय गंगा देवी मार्ग - ३१३ बुद्धनगर, काठमाण्डौं, नेपाल र कम्पनी अन्तर्गतको न्यादी जलविद्युत आयोजनाको कार्यालय मर्स्याङदी गाउँपालिका वडा नं ६ मा रहेको छ ।

(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः

<u>यस कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :</u>

(१) यस कम्पनी न्यादी जलविद्युत आयोजना निर्माण तथा संचालन गर्ने र अन्य विद्युत उत्पादन आयोजनामा लगानी गर्ने उद्देश्यका साथ मिति २०६३/११/१७ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०६४/११/२६ देखि कारोबार संचालन गर्दै आएको छ ।

(२) यस कम्पनीले मिति २०६५/११/२१ देखि आयोजनाको लागि आवश्यक पर्ने जग्गा खरिदको कार्य शुरु गरेको तथा मिति २०६६ सालदेखि आयोजनाको महत्वपूर्ण हिस्साको रुपमा रहेको बेसीशहर मनाङ सडकमा पर्ने मर्स्याङदी गा.पा. वडा नं. ३ को थाकनवेसीदेखि आयोजना स्थलसम्मको करीव १३ कि.मी.को पहुँच मार्गको निर्माण कार्य शुरु भएको हो ।

(३) यस कम्पनीमा हाल दुई जना संस्थापक शेयरधनीहरु रहेका छन् । कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ७३ प्रतिशत शेयर संस्थापक शेयरधनीहरुका लागि, २ प्रतिशत शेयर संस्थापक शेयरधनीका कर्मचारीहरुका लागि, १० प्रतिशत आयोजना प्रभावित लमजुङ्ग जिल्लाका बासिन्दाहरुका लागि र १५ प्रतिशत शेयर सर्वसाधारण (कम्पनीका कर्मचारीहरु समेत) शेयरधनीहरुका लागि छुट्याई बाँडफाँट गर्ने व्यवस्था रहेको छ ।

(४) यस कम्पनीले आयोजनाको सर्भेक्षण अनुमति प्राप्त मिति २०६५/०८/१० मा प्राप्त गरेको थियो । मिति २०६८।५।२१ मा आयोजनाको पुरक प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएकोमा मिति २०७६/२/२९ मा अध्यवद्यिक प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत भएको छ । आयोजनाको विद्युत उत्पादन अनुमति पत्र प्राप्त मिति २०६९/११/०३ मा प्राप्त भएको छ र सो अनुमतिपत्र मिति २१०४/११/०२ सम्म वहाल रहनेछ । आयोजनाको १३२ के.भी. प्रशारणलाईनको विद्युत प्रशारणको अनुमतिपत्र मिति २०७४।३।११ मा प्राप्त भएको र यो अनुमतिपत्र मिति २०९९।३।१० सम्म वहाल रहनेछ ।

(५) ३० मेगावाट क्षमताको न्यादी जलविद्युत आयोजनाको निर्माण कार्य भैरहेको र लमजुङ्ग जिल्लामा पर्ने न्यादी जलविद्युत आयोजनाको उत्पादनको लागि आवश्यक प्रमुख जलस्रोतको रुपमा न्यादी खोला रहेको छ ।

(६) आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छः

आयोजना स्थल	: मर्स्याङदी गाउँपालिका वडा नं ६ र ७ (साविक बाहुनडाँडा गा.वि.स. र भुलभुले गा.वि.स.का सम्पूर्ण वडाहरु), लमजुङ्ग जिल्ला
प्रसारण लाईन	: मर्स्याङदी गाउँपालिका वडा नं ३, ६, ७ र ८ (साविक खुदी गा.वि.स.का वडा नं १, २, ३ र ६ मात्र, साविक बाहुनडाँडा गा.वि.स. र साविक भुलभुले गा.वि.स.का सम्पूर्ण वडाहरु), लमजुङ्ग जिल्ला
श्रोत नदी	: न्यादी खोला तथा सिउरी खोला
आयोजनाको किसिम	: रन अफ दि रिभर
डिजाइन डिस्चार्ज	: ११.०८ घनमीटर प्रति सेकेण्ड
उत्पादन हुने इनर्जी	: १७२.१४ गिगावाट घण्टा विद्युत शक्ति
आयोजनाको उत्पादन क्षमता	: ३० मेगावाट
ग्रस हेड	: ३२८ मिटर
डाइभर्सन बाँध	: लम्बाई १७ मिटर, नदीको धरातलबाट १० मिटर उचाईमा
सेटलिङ वेसिन	: ६० मिटर लम्बाई र ८ मिटर चौडाई
टनेल	: ३,८४० मिटर लम्बाई (३ देखि ३.६ मिटर चौडाई तथा उचाई भएको)
पेनस्टक	: लम्बाई ७७४ मिटर, व्यास १.७५ मिटर देखि २ मिटर व्यास तथा १० देखि ३० मि.मि. मोटाइ भएको स्टील पेनस्टक पाइप, स्टील पेनस्टक पाइपको बेसप्लेट ६८ मि.मि. मोटाइ

पावरहाउस : लम्बाई ४९ मिटर, चौडाई २२.६० मिटर, उचाई २७.२ मिटर
टर्वाइन : १६,०६३ किलोवाट क्षमताका २ वटा पेलटन टर्वाइन
जेनेरेटर : १८.३३१ MVA क्षमताका २ वटा जेनेरेटर (०.८५ पावर फ्याक्टर, ११ के.भी. भोल्टेज)
टेलरेस : ३.१ मिटर × २.१ मिटर साइजको २५ मिटर लामो
विद्युत उत्पादन शुरु गर्नुपर्ने मिति (RCOD) : २०७७/०१/०६ (कोभिड १९ को कारण म्याद थप हुने क्रममा रहेको)
विद्युत उत्पादन शुरु गर्ने मिति (COD) : २०७८/०६/०१ (प्रक्षेपित)
आयोजनाको हालको अनुमानित लागत : रु.६ अर्व ११ करोड ७७ लाख ५५ हजार ५५(IDC समेत)

आयोजनाको प्रति मेगावाट लागत रकम निर्माण अवधिको ब्याज समेत रु. २०,३९,२५,१६८.५०
विद्युत उत्पादन अनुमति प्राप्त मिति : २०६९/११/०३
विद्युत उत्पादन अनुमति वहाल रहने मिति : २१०४/११/०२ (कोभिड १९ को कारण एक वर्ष म्याद थपका लागि नेपाल सरकारको माग भए वमोजिम निवेदन दिई प्रक्रियामा रहेको ।)

आयोजनाको प्रति मेगावाट लागत : रु २०,३९,२५,१६८.५०/-
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Project) : ७.४६ वर्ष
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Project) : २१.०३ वर्ष
Net Present Value (NPV) (Project) : २५,८८,००,०००
Internal Rate of Return (IRR) (Project) : १०.५७ %
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Equity) : ७.७३ वर्ष
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Equity) : १३.८२ वर्ष
Net Present Value (NPV) (Equity) : ९१,२८,००,०००
Internal Rate of Return (IRR) (Equity) : १४.२२ %

NPV तथा IRR गणना गर्दा नगद प्रभाव विधि (Cash Flow Basis) अनुसार गरिएको र IRR गणना गर्ने सम्बन्धमा आयोजनाको नगद प्रभावलाई १०% दरले Discount गरिएको छ ।

संगठित संस्था र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् ।

(१) कम्पनीबाट निर्माणाधीन आयोजनाबाट उत्पादन हुने विद्युत खरीद विक्रीका लागि नेपाल विद्युत प्राधिकरणसँग मिति २०७२/०२/१२ मा सम्झौता भएको छ । उक्त सम्झौता बमोजिम नेपाल विद्युत प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट विद्युत शक्ति उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४।८० (चार रुपैया असी पैसा मात्र) र सुख्खायाममा प्रति कि.वा. घण्टा रु.८।४० (आठ रुपैया चालिस पैसा) विद्युत खरिद दरले हुन आउने रकम कम्पनीलाई वा सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउनेछ । साथै व्यापारिक उत्पादन शुरु हुने मितिबाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरि प्त्यक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम भएको छ ।

अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरि)	खुख्खा याम (पौषदेखि चैत्र सम्म रु. प्रति युनिट)	वर्षा याम (बैशाखदेखि मार्ग सम्म रु.प्रति युनिट)
पहिलो महिना देखि १२ औं महिनासम्म	८।४०	४।८०
१३ औ महिना देखि २४ औं महिनासम्म	८।६५	४।९४
२५ औ महिना देखि ३६ औं महिनासम्म	८।९०	५।०९
३७ औ महिना देखि ४८ औं महिनासम्म	९।१६	५।२३
४९ औ महिना देखि ६० औं महिनासम्म	९।४१	५।३८
६१ औ महिना देखि ७२ औं महिनासम्म	९।६६	५।५२
७३ औ महिना देखि ८४ औं महिनासम्म	९।९१	५।६६
८५ औ महिना देखि ९६ औं महिनासम्म	१०।१६	५।८१
९७ औं महिनादेखि सम्झौता अवधिसम्म	१०।४२	५।९५

तर व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यवृद्धि दिइनेछ :

क) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन भएमा जम्मा ७ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।

ख) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।

ग) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।

घ) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।

ङ) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ५४ महिनाभन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।

(२) प्राधिकरणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरीद गरेमा सो को हकमा विद्युत खरिद बिक्रि सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५० प्रतिशतका हिसावले कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

(३) मासिक विलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको व्यापारिक वर्गका ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलित Normal hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसाव गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ, वा सो रकम मासिक विलिङ्गमा समायोजन गरिनेछ ।

(४) मासिक विलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको व्यापारिक वर्गका ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलित Normal hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसाव गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ, वा सो रकम मासिक विलिङ्गमा समायोजन गरिनेछ ।

(५) व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति अगावै आयोजनाको निर्माण तथा परीक्षण कार्य सम्पन्न भएमा प्राधिकरणले आफ्नो Existing ग्रीड प्रणलीमा प्रवाह हुन सक्ने सम्मको विद्युत उर्जा आवश्यकता अनुसार Dispatch Instruction जारी गरी आयोजनाबाट लिन सक्नेछ । यसरी विद्युत लिए बापत दफा १२.१ र १२.२ मा तोकिएको मूल्यमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ ।

<u>हर्जाना सम्वन्धी विवरण</u>

(१) प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्रयाक्ट इनर्जीको परिमाणसम्मको Availability Declaration अनुसारको इनर्जी खरीद गरी लिनेछ । यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ ।

(२) कन्ट्रयाक्ट इनर्जीको वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशतभन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नुपर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत सम्भार वा कावू वाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाणसम्मको विद्युत कम्पनीले आपूर्ती गर्न नसकेमा वा नगरेमा निम्न शुत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नुपर्नेछ ।

क्षतिपूर्ति रकम रु = (0.8 x सो महिना कम्पनीबाट प्राधिकणलाई आपूर्ति गर्नुपर्ने वढीमा कन्ट्रयाक्ट इनर्जीसम्मको Availability Declaration अनुसारको विद्युत उर्जा - सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधिमा प्राधिकरणको कारणले वा Scheduled outage वा आकस्मिक मर्मत सम्भार वा कावू वाहिरको परिस्थितीको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा) x सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरिद दर

यसरी हिसाव गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपुर्ति रकमलाई शून्य मानिनेछ । क्षतिपूर्ति रकम विल रकमभन्दा बढी भएमा विल रकम भन्दा बढी भएको क्षतिपुर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नुपर्ने छैन ।

यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिँदा कट्टा गर्न सक्नेछ ।

(३) प्राधिकरणले कम्पनीलाई वा कम्पनीले प्रधिकरणलाई क्षतिपूर्ति तिर्ने व्यवस्था आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मितिदेखि लागु हुनेछ ।

(४) काबू बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मितिसम्म व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई र कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति

निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न नगरेमा कम्पनीले प्राधिकरणलाई निम्न अनुसार हर्जाना तिर्नु पर्नेछ ।

हर्जाना रकम रु. ०.०५ × कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधीको उर्जा × व्यापारिक उत्पादन शुरु हुने मितिमा लागू हुने खरीद दर ।

कम्पनीको प्रबन्धपत्रको दफा ३ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।

(१) यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

(क) उद्योग सम्बन्धी व्यवसाय :

१. लमजुङ्ग जिल्लाको न्यादी खोलाको पानीबाट न्यादी जलविद्युत आयोजना संचालन गरी जलविद्युत उत्पादन गर्ने ।
२. न्यादी जलविद्युत आयोजनाबाट उत्पादिन जलविद्युत नेपाल विद्युत प्राधिकरण (विद्युत खरीदकर्ता) वा अन्य निकायसंग सम्झौता गरी विक्री गर्ने ।
३. उत्पादित विद्युत विक्रीका लागि विद्युत खरिद विक्री सम्झौता गर्ने ।
४. विद्युत उत्पादन तथा विक्रीको लागि सम्बन्धित निकायबाट अनुमतिपत्र प्राप्त गर्ने ।
५. जलविद्युत तथा अन्य नविकरणीय उर्जा स्रोतबाट विद्युत उत्पादन गर्ने आयोजनामा लगानी गर्ने ।

आयोजनाको विभिन्न कार्यहरुको कार्यप्रगति विवरण निम्नानुसार रहेको छ :

न्यादी जलविद्युत आयोजनाको पौष मसान्त २०७७ सम्म भएको भौतिक कार्य प्रगति विवरण

क्र.सं.	विवरण	कार्य प्रगति %	कैफियत
१	**आधारभुत निर्माण कार्य**		
	प्रवेश मार्ग निर्माण	१००	सम्पन्न
	कम्पनी तथा ठेकेदारको आधारभूत सिभिल संरचना निर्माण	१००	सम्पन्न
२.	**सिभिल निर्माण कार्य**		
	बांध, डिसेन्डर तथा गेट संरचनाहरु	१००	
	विद्युत गृह संरक्षण कार्य	१००	सम्पन्न
	हेडरेस टनेल निर्माण	१००	सम्पन्न
	सर्ज टैंक निर्माण	१००	सम्पन्न
	पेनस्टक पाइपको लागि सिभिल निर्माण कार्य	१००	सम्पन्न
	स्विचयार्ड तर्फको कार्य	१००	
	हेडवर्क्सको निर्माण	१००	
३.	**हाइड्रो मेकानिकल कार्य**		
	पेनस्टक पाइपको उपलब्धि तथा डेलिभरी तथा जडान	१००	सम्पन्न
	बांधमा जडान गरिने गेटको उपलब्धि डेलिभरी तथा जडान	१००	
	पेनस्टक पाइप जडान	१००	सम्पन्न
	गेट जडान	१००	
	वाइफर्केशन तथा ज्वाइन्ट जडान	१००	सम्पन्न
	फेब्रिकेशन, इन्सटलेशन र इरेक्शनको कार्य	१००	सम्पन्न
४	**इलेक्ट्रोमेकानिकल कार्य**		
	मेशिन तथा उपकरण उपलब्धि तथा डेलिभरी	१००	
	विद्युत गृह-उपकरण जडान	१००	
५	**१३२ के.भि.प्रसारण लाइन कार्य**		
	सवस्टेशन उपकरण जडान	१००	
	जग्गा खरिदको कार्य	१००	सम्पन्न
	टावर फाउण्डेसन कार्य	९६	
	टावर डेलिभर	१००	
	टावर फेब्रिकेशन	१००	सम्पन्न
	टावर ईरेक्सन तथा लाईन तान्ने कार्य	९६	

समग्रमा आयोजनाको कार्य प्रगतिः आयोजनाको भौतिक कार्य प्रगति ९९% रहेको छ ।

(च) **संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

(छ) **देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :** जलविद्युत ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :** लमजुङ्ग जिल्लामा रहेको न्यादी खोलाको पानी उपयोग गरी जलविद्युत उर्जा उत्पादन गर्न हेडवर्क्समा डाइभर्सन बाँध, सेटलिङ बेसिन, पेनस्टक पाइप, विद्युतगृह आदि संरचना रहेका छन् । आयोजनाबाट ३० मे.वा. विद्युत उत्पादन गर्न विद्युतगृहमा १६,०६३ किलोवाट क्षमताका २ वटा पेलटन टर्वाइन र २ वटै १८.३३१ MVA क्षमताका ०.८५ पावर फ्याक्टर ११KV जेनेरेटर जस्ता उपकरणहरुको प्रयोग गरिएको छ ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :** नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता भई विद्युत बिक्री गरिने भएको हुँदा सो यस कम्पनीले अलग्गै वजारको खोजी गर्नु पर्ने अवस्था नरहेको ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :** कम्पनीको उद्देश्यमा उल्लेखित आयोजनाको निर्माण तथा संचालनका अतिरिक्त अन्य जलविद्युत आयोजनामा लगानी गर्न सक्ने रहेको हुँदा उपयुक्त लगानीको अवसर प्राप्त भएमा कम्पनीले नयाँ विद्युत आयोजनामा आफ्नो लगानी विस्तार गर्न सक्नेछ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद-बिक्री सम्झौता अनुसार विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिनेछ ।

(७) **उत्पादन/सञ्चालन क्षमता र सो को उपभोग स्थिति :** कम्पनीबाट निर्माणाधिन न्यादी जलविद्युत आयोजनाको उत्पादन क्षमता ३० मेगावाट रहेको र उत्पादन हुने सबै विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिनेछ । आयोजनाको व्यापारिक उत्पादन शुरु गर्नुपर्ने (Required Commercial Operation Date) मिति २०७७/०१/०६ मा रहेकोमा COVID-19 को कारण सो म्याद थपको प्रक्रियामा रहेको ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** गण्डकी अञ्चल, लमजुङ्ग जिल्ला, मर्स्याङदी गाउँपालिका क्षेत्रमा बहने न्यादी खोलाको पानी ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :** आयोजनाको निर्माण अवधीमा गर्नुपर्ने गुण नियन्त्रणका लागि स्वदेशी परामर्शदाता नियुक्त गरी निज मार्फत सम्पूर्ण निर्माण कार्यको अनुगमन तथा नियन्त्रण भइरहेको छ ।

(१०) **अनुसन्धान तथा विकास :** कम्पनीको स्थापना भए पश्चात् आफ्नो उद्देश्य अनुसार ३० मेगावाट क्षमताको न्यादी खोला जलविद्युत आयोजनाको अध्ययन/अनुसन्धान पुरा गरी हाल सो आयोजनाको विकास/निर्माण भैरहेको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :** COVID-19 को प्रभावले आयोजना निर्धारीत समयमा सम्पन्न हुन ढिलाई भई आयोजना सञ्चालन गर्न थप समय लाग्ने ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :** आयोजनाबाट उत्पादन हुने विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने भएको हुँदा बजारको सुनिश्चितता गरिएको र सो क्रममा अन्य उद्योगसंग प्रतिस्पर्धा गर्नु पर्ने अवस्था नरहेको ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण :** नेपाल सरकारको स्वामित्वको नेपाल विद्युत प्राधिकरण एकल ग्राहकको रुपमा रहेको ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण) :**

आयोजना निर्माण सम्पन्न गर्नका मुख्य ठेकेदारहरु निम्न अनुसार रहेका छन्:

क) आयोजनाको परामर्श कार्यका लागि परामर्शदाता M/s Hydro-Consult Engineering Ltd. सँग मिति २०७३/०१/०४ (२०१६ अप्रिल १६) मा सम्झौता भई कार्य सम्पादन गर्दै आईरहेको ।

ख) आयोजनाको सिभिल, हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिक कार्यका लागि ठेकेदार M/s Zhejiang Hydropower Construction & Installation Co. Ltd. सँग मिति २०७३/१०/०३ (२०१७ जनवरी १६) मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य भईरहेको ।

ग आयोजनाको प्रशारण लाइन निर्माण कार्यका लागि ठेकेदार M/s Urja International Pvt. Ltd. सँग मिति २०७५/०३/२८ (२०१८ जुलाई १२) मा ठेक्का सम्झौता भई कार्य सम्पादन गर्दै आईरहेको ।

ग.३.ख. सम्पत्तिको विवरण :

(क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :** हाल कम्पनी अर्न्तगतको न्यादी जलविद्युत आयोजनाको निर्माण कार्य भैरहेको छ । हालसम्म कम्पनीको नाममा सृजना भै सकेको चल अचल सम्पत्ति सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

(२०७८ आषाढ मसान्तको अपरिष्कृत वित्तिय विवरण अनुसार)

सि.नं.	सम्पतिको विवरण	खुद सम्पत्ति रकम (रु. हजारमा)	सम्पत्ति रहेको स्थान	सम्पत्तिको अवस्था
(क)	**कम्पनीतर्फ**			
	कार्यलय उपकरणहरु	१५१	केन्द्रीय कार्यालय, काठमाण्डौं	चालु अवस्थामा रहेका
	संम्पत्ति, प्लान्ट, तथा उपकरणहरु	-		चालु अवस्थामा रहेका
	फर्निचर एण्ड फिक्सचर्स	१९		चालु अवस्थामा रहेका
	कम्प्युटर एण्ड एक्सेसरीज	६३		चालु अवस्थामा रहेको
	सवारी साधन	२,०००		चालु अवस्थामा रहेको
	जम्मा (क)	**२,२३३**		
(ख)	**आयोजनातर्फ**			
	बिकासक्रममा रहेका अमुर्त संम्पत्ति	५०,४९,९४५	लमजुङ्ग	निर्माणक्रममा रहेको
	कार्यलय उपकरणहरु	४४१		चालु अवस्थामा रहेको
	संम्पत्ति, प्लान्ट, तथा उपकरणहरु	५१०		चालु अवस्थामा रहेको
	फर्निचर एण्ड फिक्सचर्स	८०१		चालु अवस्थामा रहेको
	कम्प्युटर एण्ड एक्सेसरीज	४६०		चालु अवस्थामा रहेको
	सवारी साधन	६,५६९		चालु अवस्थामा रहेको
	जम्मा (ख)	**५०,५८,७२६**		चालु अवस्थामा रहेको
	जम्मा (क) + (ख)	**५०,६०,९५९**		

(ख) **बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :**

आयोजनाको भौतिक संरचनाहरु निर्माण गर्ने प्रयोजनका लागि कम्पनीले मर्स्याङ्दी गाउँपालिका (तत्कालीन बाहुनडाँडा गा.वि.स.) अन्तर्गत पर्ने राष्ट्रिय वनक्षेत्रको ०.७३ हेक्टर जग्गा स्थायी रुपमा ३३ वर्षको अवधिका लागि लिजमा लिएको र ३.२१ हेक्टर जग्गा अस्थायी रुपमा ५ वर्ष अवधिका लागि भोगाधिकार उपलब्ध गराउने गरी नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७२/०९/२१ को निर्णय बमोजिम वन विभाग र न्यादी हाइड्रोपावर लि. बीच मिति २०७२/१२/०३ गते सम्झौता भएको छ । त्यसै गरी न्यादी जलविद्युत आयोजनाबाट उत्पादित हुने विद्युत शक्तिलाई प्रसारण प्रणालीमा समाहित गर्ने उद्देश्यले न्यादी १३२ के.भी. विद्युत प्रसारण लाईन आयोजनाको (ठूलीबेसी -टुनीखर्क ६.००८ कि.मि. लम्बाई रहेको) राइट अफ वे सहित ७ वटा टावरहरु संरचना निर्माण गर्न लमजुङ्ग जिल्लाको मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ र ६ मा पर्ने महादेवस्थान सामुदायिक वन लगायत अन्नपूर्ण संरक्षण भित्रको वन क्षेत्र गरी कुल जम्मा ३.०२ हेक्टर सरकारी वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने सम्बन्धमा नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७६/०२/१० गतेको निर्णय अनुसार नेपाल सरकार, वन तथा भू-संरक्षण विभाग एवं राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र न्यादी हाइड्रोपावर लि.बिच मिति २०७६/०३/०६ गते सम्झौता भएको छ ।

ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :**

लिड बैंक एभरेष्ट बैंक लि. तथा सहवित्तीयकरण बैंकहरु क्रमशः नबिल बैंक लि. र ग्लोबल आइएमई बैंक लि., सनराइज बैंक लि., हिमालयन बैंक लि. र हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड बीच मिति २०७२/१०/२० मा भएको चारपक्षीय ऋण सम्झौता बमोजिम उक्त बैंकहरुले न्यादी जलविद्युत आयोजना निर्माणको लागि रु.४,४०,००,००,०००/- (अक्षरेपी चार अर्व चालीस करोड मात्र) कर्जा लगानी गर्ने र उक्त कर्जा र सो को ब्याज तथा अन्य दस्तुर समेत खाम्ने गरी सुरक्षण बापत कम्पनीको नाममा हाल रहेको र पछि सिर्जना हुने आयोजनाको चल अचल सम्पत्ति न्यादी हाइड्रोपावर लि. को नाममा रहेको लमजुङ्ग जिल्ला, मर्स्याङ्दी गाँउपालिका स्थित ३० मेगावाट क्षमताको न्यादी जलविद्युत आयोजना उक्त बैंकहरुको नाममा दृष्टिवन्धकको लिखत रजिष्ट्रेशन पारित गरिएको छ । उक्त चारपक्षीय ऋण सम्झौताको एक सदस्य हिमालयन बैंक लि.ले आन्तरिक कारण देखाई उक्त सम्झौताबाट बाहिरिएको र हिमालयन बैंक लि.ले हालसम्म उपलब्ध गराएको/गराउने ऋण रकम सहवित्तीयकरण कर्जा सम्झौताका अन्य सदस्यहरुले दामासाही रुपमा सकार्ने गरी मिति २०७६/०६/१४ मा Supplementary Facilities Agreement -I सम्पन्न भएको छ ।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** लागू नहुने ।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण** : लागू नहुने ।

ग.३.ग. भावी योजना तथा रणनीति :

(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :

(१) कम्पनीको उद्देश्य न्यादी जलविद्युत आयोजना निर्माण गरी संचालन गर्ने रहेको र अन्य जलविद्युत आयोजनामा लगानी समेत गर्न सक्ने भएको हुँदा हाललाई कम्पनीको भावी योजना न्यादी जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गरेर यस आयोजनालाई सुचारुरुपमा संचालन गर्ने र आयोजना निर्माणको क्रममा लिएका ऋण सुविधाहरु भुक्तानी गर्ने रहेको छ । साथै, यस कम्पनीले आफ्नो पूँजी तथा दायित्व समेतलाई बिचार गरी आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएका अन्य जलविद्युत आयोजना कम्पनीहरुमा लगानी गर्न सकिने छ । यस कार्यका लागि संभाव्य आयोजनाहरुको पहिचान गर्ने, त्यस्ता आयोजना कम्पनीहरुको अध्ययन गर्ने र त्यसमा लगानी गर्न उपयुक्त भए नभएको निर्क्योल गर्ने र लगानी गर्न उपयुक्त लागेका आयोजनामा लगानी गर्ने रणनीति अख्तियार गरिने छ । त्यसरी लगानी सम्बन्धी निर्णय गर्दा लगानीको समुचित प्रतिफल प्राप्त गर्ने तर्फ विशेष ध्यान दिने रणनीति अख्तियार गरिनेछ ।

(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको ब्यबसायको भविष्यः

नेपालमा जलविद्युत आयोजनामा लगानीको राम्रो सम्भावना रहेको छ । विद्युतको आन्तरिक खपत तथा छिमेकी राष्ट्रमा विद्युतको व्यापारको संभावना रहेको हुँदा नयाँ विद्युत आयोजनाहरुमा लगानी विस्तार गर्नका लागि कम्पनीको भविष्या राम्रो रहेको छ । तर, हाल निर्माणाधिन आयोजनाको निर्माण सम्पन्न भई संचालनमा नआए सम्म अन्य आयोजनामा लगानी गर्ने अवस्था रहेको छैन । नयाँ जलविद्युत आयोजनाको विकास प्रतिस्पर्धा मार्फत गराउने नेपाल सरकारको नीति रहेको हुँदा नयाँ लगानीका लागि जलविद्युत आयोजना प्राप्ती गर्दाका प्रतिस्पर्धा गर्नु पर्ने देखिएको छ ।

ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार ५ (पाँच) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम रहेको छ ।

संस्थापक शेयरधनीहरुबाट मनोनित वा निर्वाचित	३ जना
सर्वसाधारण शेयरधनीहरु (स्थानीय बासिन्दा तथा संस्थापक संस्थाका कर्मचारी शेयरधनीहरु समेत) बाट निर्वाचित	१ जना
स्वतन्त्र संचालक	१ जना
जम्मा	**५ जना**

नोटःहाल यस कम्पनीमा संस्थागत शेयरधनी मात्र रहेको । अतः यस विवरणपत्र मार्फत सर्वसाधारण शेयरधनी समुहको शेयर निष्काशन भई बाँडफाँट सम्पन्न भए पश्चात् कानून बमोजिम कम्पनी ऐन, २०६३ को दफा ८६(२) अनुसार संचालक समितिमा प्रतिनिधित्व रहने व्यवस्था गरिनेछ ।

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । तर नेपाल सरकार वा संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक र स्वतन्त्र सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन । मनोनित वा निर्वाचित हुने सञ्चालकले मान्यता प्राप्त विश्व विद्यालयबाट कम्तीमा स्नातकोपाधी प्राप्त गरेको हुनु पर्नेछ ।

ग.४. पुँजी संरचना सम्बन्धी जानकारी :

(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्वन्धी विवरण :

अधिकृत पुँजी : कम्पनीको अधिकृत पूँजी रु.१,५०,००,००,०००/- (अक्षरेपी एक अर्ब पचास करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/-का दरले १,५०,००,००० (एक करोड पचास लाख) थान शेयरमा बिभाजन गरिएको छ ।

जारी पुँजी : कम्पनीको जारी पूँजी रु.१,५०,००,००,०००/- (अक्षरेपी एक अर्ब पचास करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १,५०,००,००० (एक करोड पचास लाख) थान शेयरमा बिभाजन गरिएको छ ।

चुक्ता पुँजी : कम्पनीको तत्काल चुक्ता पूँजी रु.१,०९,५०,००,०००/- (अक्षरेपी एक अर्ब नौ करोड पचास लाख मात्र) रहेको छ । आयोजना प्रभावित क्षेत्र लमजुङ्ग जिल्लामा स्थायी बसोवास गर्ने नेपाली नागरिकहरुको लागि निष्कासन गरिने प्रति शेयर अंकित मूल्य रु.१००/– दरको १५,००,००० कित्ता, संस्थापक शेयरधनी संस्थाका कर्मचारीहरुका लागि निष्कासन गरिने प्रति शेयर अंकित मूल्य रु.१००/– दरको ३,००,००० र सर्वसाधारणहरुमा (सामूहिक लगानी कोषहरु तथा संस्थाका कर्मचारीहरुका लागि छुट्टयाएको समेत) प्रति शेयर अंकित मूल्य रु.१००/– दरको २२,५०,००० कित्ता शेयर गरी कूल जम्मा ४०,५०,००० कित्ता शेयर बराबर रकम रु.४०,५०,००,०००/- (अक्षरेपी चालीस करोड पचास लाख मात्र) निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,५०,००,००,०००/- (अक्षरेपी एक अर्ब पचास करोड मात्र) हुनेछ।

कम्पनी सस्थापना भए पश्चात पूँजी संरचनामा भएको परिवर्तन सम्वन्धि विवरण :

क्र. सं.	आर्थिक वर्ष	अधिकृत पूँजी		जारी पूँजी		चुक्ता पूँजी	
		साविक	परिवर्तन भएको	साविक	परिवर्तन भएको	साविक	परिवर्तन भएको
१.	२०६४/६५	१,००,००,००,०००	-	२५,००,००,०००	-	१,२५,००,०००	-
२.	२०६५/६६	१,००,००,००,०००	-	२५,००,००,०००	-	१,२५,००,०००	३,९५,९९,६००
३.	२०६६/६७	१,००,००,००,०००	-	२५,००,००,०००	-	३,९५,९९,६००	७५,००,००,०००
४.	२०६८/६९	१,००,००,००,०००	-	२५,००,००,०००	-	७५,००,००,०००	२३,००,००,०००
५.	२०६९/७०	१,००,००,००,०००	-	२५,००,००,०००	५०,००,००,०००	२३,००,००,०००	२५,००,००,०००
६.	२०७१/७२	१,००,००,००,०००	-	५०,००,००,०००	-	२५,००,००,०००	३६,३०,३६,०००
७.	२०७२/७३	१,००,००,००,०००	१,५०,००,००,०००	५०,००,००,०००	७५,००,००,०००	३६,३०,३६,०००	४८,००,००,०००
८.	२०७४/७५	१,५०,००,००,०००	-	७५,००,००,०००	१,५०,००,००,०००	४८,००,००,०००	५५,५०,००,०००
९.	२०७५/७६	१,५०,००,००,०००	-	१,५०,००,००,०००	-	५५,५०,००,०००	१,०९,५०,००,०००

(ख) निष्कासन पछिको चुक्ता पुँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार यस निष्काशन पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेकोछ :

क्र. सं.	शेयरधनीहरु	साधारण शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना	भुक्तानी प्रतिशत
१.	संस्थापक शेयरधनी समुह	१,०९,५०,०००.००	१,०९,५०,००,०००.००	७३%	शतप्रतिशत
२.	सर्वसाधार शेयरधनी समुह				
	क. स्थानीय बासिन्दाहरु	१५,००,०००.००	१५,००,००,०००.००	१० %	निष्कासन पश्चात
	ख. संस्थापक शेयरधनी संस्थाका कर्मचारीहरु	३,००,०००.००	३,००,००,०००.००	२%	
	ग. सर्वसाधारण (कर्मचारीहरु समेत)	२२,५०,०००.००	२२,५०,००,०००.००	१५%	
	जम्मा	**१,५०,००,०००.००**	**१५,००,०००,०००.००**	१००%	

(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) : शेयर प्रिमियम खाताको व्यवस्था हाल नरहेको ।

ग.५.संस्थापक/संचालक सम्बन्धी जानकारी :

ग.५.क. संस्थापक/संचालकको पृष्ठभूमी :

(क) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :आधारभूत शेयरधनीको विवरण :

सि. नं.	नाम, ठेगाना	पद	शेयर स्वामित्व (कित्ता)	राष्ट्रियता	उमेर	शैक्षिक योग्यता	अनुभव (पूर्व र हाल कार्यरत)
१.	श्री बुटवल पावर कम्पनी लिमिटेड		१,०७, ५१,४५३	नेपाली	लागु नहुने ।		
२.	लमजुङ्ग विद्युत विकास कम्पनी लि.		१,९८,५४७	नेपाली	लागु नहुने ।		

संचालकहरुको विवरण

सि. नं.	नाम, ठेगाना	पद	उमेर	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	अनुभव	अन्य
१.	श्री ओम प्रकाश श्रेष्ठ (प्रतिनिधित्व, बुटवल पावर कम्पनी लिमिटेड) का.म.न.पा. वडा नं. ३४, मीनभवन काठमाण्डौं	अध्यक्ष	६१	नेपाली	छैन ।	बि.ई. (सिभिल)	संचालक, अरनिको निर्माण कं. (२०४८।२।१० देखि हालसम्म) संचालक, इन्टरवर्ल्ड टेडिङ्ग, (२०५१।१२।३ देखि हालसम्म) संचालक, बुटवल पावर कम्पनी लि., (२०७२।८।२९देखि हालसम्म) संचालक, खुदी हाइड्रोपावर लि. (२०७१।८।१९ देखि हालसम्म)	
२.	श्री प्रदीप कुमार श्रेष्ठ (प्रतिनिधित्व, बुटवल पावर कम्पनी लिमिटेड) ललितपुर म.न.पा. वडा नं. १, पुल्चोक, ललितपुर ।	सञ्चालक	६१	नेपाली	छैन ।	एम.बि.ए.	संचालक, सांग्रिला ईनर्जी लि., (२०५७।११।२ देखि हालसम्म) संचालक, बुटवल पावर कम्पनी लि,(२०५९।१०।१५ देखि हालसम्म) संचालक, काबेली इनर्जि लि., (२०६६।१०।१४ देखि हालसम्म)	नेपाल उद्योग वाणिज्य महासंघमा अध्यक्ष समेतको जिम्मेवारी निर्वाह गरिसकेको ।

३.	श्री बिजय बहादुर श्रेष्ठ (प्रतिनिधित्व, बुटवल पावर कम्पनी लिमिटेड) का.म.न.पा. बिशालनगर, काठमाण्डौं	सञ्चालक	६४	नेपाली	छैन ।	एम.बि.ए.	सञ्चालक, हिमालयन बैंक लि. (२०७५।९।३० देखि हालसम्म) सञ्चालक, साग्रिला ईनर्जी लि. (२०५७।११।२ देखि हालसम्म) सञ्चालक, गुराँस ईनर्जी लि. (२०७४।७।२१ देखि हालसम्म) सञ्चालक, नेपाल हाइड्रो इलेक्ट्रिक लि. (२०७२।९।५ देखि हालसम्म) बैकल्पिक सञ्चालक, बुटवल पावर कम्पनी लि., (२०७१।१।२१ देखि हालसम्म)	
४.	श्री राम बहादुर गुरुङ्ग (प्रतिनिधित्व, लमजुङ्ग विद्युत विकास कम्पनी लि.) मर्स्याङदी गाउँपालिका वडा नं ४, लमजुङको हाल टोखा न.पा. १०, काठमाण्डौ । (प्रतिनिधित्व, लमजुङ्ग विद्युत विकास कम्पनी लि.)	सञ्चालक	६५	नेपाली	छैन ।	बि.एड.		पूर्व सांसद, प्रतिनिधि सभा (लम्जुङ्ग जिल्लाबाट २०४८, ०५१ र २०५६ मा निर्वाचित) पूर्व आपुर्ति राज्यमन्त्री, (मंसिर २०५४ देखि चैत्र २०५४सम्म) पूर्व आपुर्ति राज्यमन्त्री (बैशाख २०५५ देखि भाद २०५५,सम्म) पूर्व श्रममन्त्री, (असार २०५६ देखि फागुन २०५६सम्म) पूर्व जलश्रोत्र मन्त्री, (चैत्र २०५६ देखि माघ २०५७ सम्म)

नोट : बैकल्पिक सञ्चालकहरुको रुपमा क्रमशः श्री उत्तर कुमार श्रेष्ठ र श्री राधेश्याम श्रेष्ठ रहेका छन् ।

(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक ब्यक्ति नखुलेसम्म) :

संस्थापकहरुको नाम तथा ठेगाना	सक्षिप्त विवरण	संचालकहरुको नाम तथा ठेगाना
बुटवल पावर कम्पनी लिमिटेड बुद्धनगर, काठमाण्डौं ।	बुटवल पावर कम्पनी लिमिटेड, प्रचलित कम्पनी ऐन बमोजिम प्रा.लि.को रुपमा मिति २०२२ साल पौष १४ गते दर्ता भई मिति २०४९ साल फागुन ६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा परिवर्तन भई पब्लिक लिमिटेड कम्पनीको रुपमा मिति २०५० साल श्रावण ३१ गतेबाट कारोबार प्रारम्भ गरेको हो । निजीकरण ऐन, २०५० को आधार नेपाल सरकार (तत्कालिन श्री ५ को सरकार) ले आफ्नो नाममा कायम रहेको यस कम्पनीको शेयरहरुमध्ये चुक्ता पूँजीको ७५ प्रतिशत शेयर निजीकरणको प्रक्रिया मार्फत निजी लगानीकर्तालाई मिति २०५९ साल माघ १५ गते बिक्री हस्तान्तरण गरेको र तत्पश्चात् नेपाल सरकारले थप १२ प्रतिशत शेयर सर्वसाधारण तथा कर्मचारीहरुलाई बिक्री गरी हाल यस कम्पनीका मुख्य शेयरधनीहरुमा सांग्रिला इनर्जि लि., नेपाल सरकार, आइ के एन, नेपाल ए. एस., युनाईटेड मिसन टु नेपाल, नेपाल विद्युत प्राधिकरण तथा नेपाल औधौगिक विकास निगम लगायत देशका विभिन्न व्यापार व्यवसायसँग संलग्न व्यक्तित्वहरु रहेका छन् । यस कम्पनीको स्वामित्वमा प्यूठान जिल्लाको दारिमचौरमा १२ मेगावाट क्षमताको झिमरुक जलविद्युत केन्द्र, स्याङ्गजा जिल्लाको गल्याङ्गमा ९.४ मेगावाट क्षमताको आँधिखोला जलविद्युत केन्द्र सञ्चालनमा रहेका छन् । कम्पनीले आफ्नै वितरण संजालबाट स्याङ्गजा, पाल्पा, प्यूठान र अर्घाखाँची जिल्लामा ५७,६४० भन्दा बढी विद्युत उपभोक्ताहरुलाई विद्युत सेवा प्रदान गरेको छ । साथै, यस कम्पनीले विभिन्न जलविद्युत आयोजनाहरु निर्माण तथा संचालन गर्ने विभिन्न कम्पनीहरुमा लगानी गरेको छ ; जसमा ६०	श्री पद्म ज्योति - अध्यक्ष,का.म.न.पा. वडा नं. २७, नक्साल, काठमाण्डौं । श्री प्रदीप कुमार श्रेष्ठ - सञ्चालक, पुल्चोक, ललितपुर । श्री विजय कृष्ण श्रेष्ठ - सञ्चालक, पुल्चोक, ललितपुर । श्री ओम प्रकाश श्रेष्ठ - सञ्चालक मीनभवन ३१, काठमाण्डौं । श्री सन्दिप कुमार देव - सञ्चालक ललितपुर म.न.पा. वडा नं. १३ डा. सन्दिप शाह - सञ्चालक काठमाण्डौ म.न.पा. वडा नं. ४ श्री तीर्थ मान शाक्य - स्वतन्त्र सञ्चालक, का.म.न.पा. वडा नं. २, लाजिम्पाट श्री दिनेश हुमागाँई - सञ्चालक का.म.न.पा.,वडा नं. ३२ श्री विजय बहादुर श्रेष्ठ-बैकल्पिक सञ्चालक, का.म.न.पा. वडा नं. ४ श्री सन्जिव राजभण्डारी-बैकल्पिक सञ्चालक, का.म.न.पा. वडा नं. ४

	मेगावाट क्षमताको खिम्ती जलविद्युत आयोजना, ३७.६ मेगावाट क्षमताको कावेली ए जलविद्युत आयोजना, ४ मेगावाट क्षमताको खुदी जलविद्युत केन्द्र तथा ३० मेगावाट क्षमताको न्यादी जलविद्युत आयोजना रहेका छन् । कम्पनीले १६० मेगावाट क्षमताको मुगु कर्णाली जलविद्युत आयोजना विकासको लागि सर्भे लाइसेन्स प्राप्त गरी फिजिविलिटी सर्भेक्षणको कार्य अगाडि बढाउनुका साथै मनांग स्थित ७ .९ मेगावाट क्षमताको चिनोखोला जलविद्युत आयोजनाको विद्युत खरिद संझौता तथा जेनेरेशन लाइसेन्स प्राप्त गर्ने प्रक्रृया अगाडि वढीरहेको छ । यसैगरी, चाइनिज लगानीकर्ताहरुसंगको संयुक्त सहभागितामा मर्स्याग्दी कोरिदोरमा जम्मा ६०१.२ मेगावाट क्षमताको तीनवटा जलविद्युत आयोजनाहरु (१३५ मेगावाट क्षमताको एम- १ आयोजना, १३९.२ मेगावाट क्षमताको एम- २ आयोजना र ३२७ मेगावाट क्षमताको एम -३ आयोजना) निर्माणको सिलसिलामा नियमन निकायहरुबाट स्वीकृति लिने कार्यको लागि प्रक्रृया अगाडि वढीरहेको छ ।	
लमजुङ्ग विद्युत विकास कम्पनी लि., काठमाण्डौं, नेपाल ।	यो कम्पनी बैशाख २०५१ सालमा पब्लिक लिमिटेड कम्पनीको रुपमा स्थापना भएको हो। यो कम्पनी जल विद्युत परियोजनाहरुमा निर्माण, सञ्चालन तथा लगानी गर्ने हेतुले सञ्चालनमा आएको हो । यस कम्पनीमा गण्डकी इनर्जि लिमिटेडको ७८.४% र अन्य संस्थापकहरुको २१.६% शेयर रहेको छ । यस कम्पनीको अगुवाईमा राधी विद्युत कम्पनी लि., साङ्गे विद्युत कम्पनी लि., दोर्दी खोला जल विद्युत कम्पनी लि., खुदी हाइड्रोपावर लि. र न्यादी हाइड्रोपावर कम्पनी लि.मा लगानी गरिएको छ । यस मध्ये राधी विद्युत कम्पनी लि. (४.४ मेगावाट), साङ्गे विद्युत कम्पनी लि. (१८३ मेगावाट) र खुदी हाइड्रोपावर लि. (४ मेगावाट) सञ्चालनमा आइसकेको छ ।	श्री अनिल कुमार रुङ्गटा – अध्यक्ष, का.म.न.पा., त्रिपुरेश्वर, काठमाण्डौं श्री विनय कुमार भण्डारी - प्रवन्ध सञ्चालक का.म.न.पा., त्रिपुरेश्वर, काठमाण्डौं श्री ध्रुव राज मिश्र - सञ्चालक, का.म.न.पा., त्रिपुरेश्वर, काठमाण्डौं श्री डिकेन्द्र राज कँडेल - सञ्चालक, का.म.न.पा., त्रिपुरेश्वर, काठमाण्डौं

ग) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :

क्र.स.	संचालकको नाम, ठेगाना	आबद्ध रहेको संस्थाको नाम, ठेगाना
१.	श्री ओम प्रकाश श्रेष्ठ का.म.न.पा. वडा नं. ३४, मीनभवन काठमाण्डौ	-संचालक - अरनिको निर्माण कम्पनी, मिनभवन, काठमाण्डौं -संचालक - इन्टरवर्ल्ड टेडिङ्ग, काठमाण्डौं -संचालक - बुटवल पावर कम्पनी लि, काठमाण्डौ -संचालक - खुदी हाइड्रोपावर लि, काठमाण्डौ
२.	श्री प्रदीप कुमार श्रेष्ठ ललितपुर म.न. पा. वडा नं. १, पुल्चोक, ललितपुर	-अवैतनिक महावाणिज्यदुत, गणतन्त्र दक्षिण अफ्रिका, काठमाण्डौं -उपाध्यक्ष, एशिया प्यासिफिक चेम्बर अफ कर्मस एण्ड इण्डस्ट्रीज, काठमाण्डौं -संचालक -सांग्रिला ईनर्जी लि., नक्साल, काठमाण्डौं - संचालक - बुटवल पावर कम्पनी लि, काठमाण्डौ - संचालक - कावेली इनर्जि लि, काठमाण्डौ
३.	श्री बिजय बहादुर श्रेष्ठ का. म. न. पा. वडा नं. ४, बिशालनगर, काठमाण्डौं ।	-सञ्चालक-हिमालयन बैंक लिमिटेड -सञ्चालक-सांग्रिला ईनर्जी लि. -सञ्चालक-गुराँस ईनर्जी लि. -सञ्चालक- नेपाल हाइड्रो इलेक्ट्रिक लि. । -बैकल्पिक सञ्चालक- बुटवल पावर कम्पनी लि, काठमाण्डौ ।

नोटः माथि उल्लेखित सञ्चालकहरुवाट सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ तथा कम्पनी ऐन, २०६३ का सम्पूर्ण व्यवस्थाहरु पालना भएको छ । यस कम्पनीको मुख्य कम्पनीको रुपमा रहेको श्री बुटवल पावर कम्पनी लि.को मुख्य कम्पनीको रुपमा सांग्रिला इनर्जि लि. रहेको छ । मुख्य कम्पनीले आफ्नो उद्देश्य परिपूर्तिका लागि आफ्नो लगानीको प्रतिनिधित्व गर्न सहायक तथा सम्बद्ध कम्पनीहरुको संचालक समितिमा संचालक नियुक्त गरी पठाएको हुँदा यसवाट स्वार्थ बाझिने अवस्था नरहेको हुँदा यसरी मनोनयन भई आएका सञ्चालकहरु संस्थागत प्रतिनिधि भएको कारणले कम्पनी ऐन, २०६३ अन्तर्गत दफा ८९(१)(छ) को व्यवस्था अनुरुपनै रहेको छ । यस कम्पनीका संचालकहरु आफूलाई नियुक्त गर्ने कम्पनीको उद्देश्यसंग बाझिने गरी अन्य कम्पनीमा संचालक रहेका छैनन् ।

(घ) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :

(क) कम्पनीको शेयर खरिद वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न संचालक समितिको स्वीकृती लिनु पर्नेछ । स्वीकृती बिना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुने छैन ।

(ख) सर्वसाधारण शेयरधनी समूह अर्न्तगत सर्वसाधारण बाहेक अन्य उपसमूह (संस्थापक, संगठीत संस्थाका कर्मचारी तथा आयोजना प्रभावित लमजुङ्ग जिल्लाका स्थानीय बासिन्दा) का लागि बाँडफाँट गरिएको/गरिने शेयर बाँडफाँट भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन ।

ग.५.ख.संस्थापक/संचालकसँगको कारोबार :

(क) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण : सो नभएको ।

(ख) बुँदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका : सो नभएको ।

ग.६.सीमित दायित्व सम्बन्धी विवरण : यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

ग.७.संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :

ग.७.क.संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

(क) संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।

क्र. सं.	कर्मचारीको नाम	पद	योग्यता	नियुक्ति मिति	शेयर संख्या	अन्य लगानी	अनुभव	कार्य जिम्मेवारी
१.	उत्तम अमात्य	प्रमुख कार्यकारी अधिकृत	एम.एस.सि. (वाटर रिसोर्स इन्जिनियरिङ्ग) बि.ई (सिभिल)	असोज १, २०७२	-	-	-नेपाल विद्युत प्राधिकरणमा विभिन्न तहमा ३१ वर्षको कार्यानुभव । -अपर त्रिशुली "थ्रिए" मा निमित्त आयोजना निर्देशक रहेको ।	समग्र आयोजना व्यवस्थापन
२.	बिबेक कारञ्जीत	बरिष्ठ आयोजना इन्जिनियर	एम.एस.सि (हाइड्रो इन्जिनियरिङ्ग, वातावरण व्यवस्थापन) बि.ई. (सिभिल)	पौष १, २०७२	-	-	-जलविद्युत परियोजनामा १२ वर्षभन्दा बढीको कार्यानुभव।	इन्जिनियरीङ्ग व्यवस्थापन
३.	सुदिप मान श्रेष्ठ	प्रमुख - वित्त	सि.ए.	माघ १४, २०७२	-	-	-जलविद्युत क्षेत्रमा ९ वर्षभन्दा बढी र लेखा परिक्षण क्षेत्रमा ७ वर्षभन्दा बढीको कार्यानुभव ।	लेखा, वित्त तथा प्रशासन

नोट : *उपरोक्त बमोजिमका कर्मचारीहरु अन्य कुनै संगठित संस्थाको आधारभूत शेयरधनी नरहेको तथा अन्य कुनै कम्पनीमा लगानी नरहेको ।*

(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने : सो नभएको ।

(ग) कर्मचारी संख्या : कम्पनीमा हाल जम्मा १९ जना कर्मचारीहरु रहेका छन् ।

स्थायी	अस्थायी	करार (बुटवल पावर कम्पनी लि.बाट डेप्युटेशन भई कार्यरत)	ज्यालादारी	अन्य	कुल कर्मचारी संख्या
-	१५	२	२	-	१९

ग.७.ख.सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :

(क) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधाः मिति २०६८।५।९ को संचालक समितिको बैठकको निर्णय अनुसार संचालकको बैठक भक्ता प्रति बैठक रु.२,५०० तोकिएको र सो भत्तामा हाल सम्म हेरफेर नभएको र भ्रमणको हकमा बास्तविक खर्च कम्पनीले बेहोर्ने गरेको ।

(ख) संगठित संस्थाको उच्च ब्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :

सि. नं.	कर्मचारीको नाम	पद	पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम (रु.)	अवधि
१.	उत्तम अमात्य	प्रमुख कार्यकारी अधिकृत	३१,३६,५०२/–	आ.व.०७६/०७७
२.	विवेक कारञ्जीत	वरिष्ठ आयोजना इन्जिनियर	१८,६४,२१२/–	आ.व.०७६/०७७
३.	सुदिप मान श्रेष्ठ	प्रमुख-वित्त	१६,१२,९८२/–	आ.व.०७६/०७७

(ग) कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण : सो नरहेको।

ग.८.अर्न्तनिहित जोखिम तथा सो मा व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :

- आयोजनाको निर्माणको लागि आवस्यक वित्तीय साधनको प्रवन्ध भईसकेको र आयोजना निर्माणको अन्तिम चरणमा रहेको हुँदा वित्तीय साधनको अभावको अवस्था रहेको छैन । भविश्यमा नयाँ आयोजनाहरुमा लगानी गरिने भएमा उपयुक्त वित्तीय साधनको व्यवस्थापन गरी लगानी गरिने छ ।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :

- जलवायु परिवर्तन वा अन्य कारणले नदीको बहावमा परिवर्तन आउन सक्ने संभावना रहन्छ, जुन कम्पनीको नियन्त्रण बाहिरको विषय हो । तर, आयोजनाको निर्माण गर्दा लामो अवधीको हाईड्रोलोजीको डाटाको अध्ययन तथा विश्लेषणका आधारमा क्षमता निर्धारण गरिएको हुँदा तत्काल यस प्रकारको समस्या आउने संभावना न्यून रहेको छ ।
- आयोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु सिमेन्ट, फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको ब्यवस्थापन भइरहेको हुनाले कच्चा पदार्थको अभाव हुने अवस्था छैन ।

(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :

यस आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भएको हुँदा विद्युत बिक्रीको सुनिश्चितता रहेको छ । नेपालमा विद्युतका खपत न्यून रहेको र छिमेकी मुलुकमा समेत विद्युत निर्यात गर्न सकिने प्रवल संभावना रहेको हुँदा वजारको स्थितिमा आउने परिवर्तनहरु थप सकरात्मक हुने देखिएको छ । कुनै कारणवाट नेपालमा उत्पादित विद्युतभन्दा खपत कम भएको अवस्थामा समेत नेपाल विद्युत प्राधिकरणले आयोजनावाट उत्पादित विद्युतको आपूर्ति "लिने तथा लिन नसकेको पनि तिर्ने" सुनिश्चितता गरेको छ ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम : COVID-19 का कारण आयोजनामा केही ढिलाई भएको छ । यस ढिलाईवाट सो अवधीको विद्युत बिक्री आय प्रभावित हुनेछ । तर, आयोजना निर्माणको अन्तिम चरणमा रहेको हुँदा यस विवरणपत्रमा उल्लेखित आयोजना लागत बढ्ने संभावना न्यून रहेको छ । त्यसैगरी यस ढिलाईवाट विद्युत खरिद दरमा कुनै प्रतिकुल असर पर्नेछैन ।

(ङ) विदेशी विनिमयको जोखिम : ठेकेदारलाई गरिने भुक्तानीको केही अंश अमेरिकी डलरमा समेत रहेको हुँदा सो हदसम्म विदेशी विनियमको जोखिम रहेको छ, जुन कम्पनीको नियन्त्रण बाहिरको विषय हो । यद्यपी, विनिमय दरमा आउने अल्पकालिन उतार चढावलाई मध्यनजर गरी अमेरिकी डलरमा गरिने भुक्तानीहरु गरिदै आएको हुँदा केही हदसम्म यस जोखिमलाई व्यवस्थापन गर्न सकिएको छ । साथै, यस जोखिमवाट आयोजनाको लागत बढ्न नपाओस भन्नका लागि अनुमानित लागतमा आवश्यक वजेटको व्यवस्था गरिएको छ ।

(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु : आयोजना निर्माणका लागि कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरीसम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेको छ । यस प्रकारको अवरोधहरु रहेको छैन ।

(छ) क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम : यस्तो जोखिम नरहेको ।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम : कर, भन्सार, विद्युतीय उपकरणहरु आयातमा कुनै पनि सरकारी नीतिगत परिवर्तन भएमा आयोजनाको संचालन चरणमा यस्ता जोखिम रहने ।

(झ) सञ्चालन इतिहासको अभाव : कम्पनीका संस्थापकहरु जलविद्युत क्षेत्रमा लामो समय देखी कार्य गर्दै आएका अनुभवी संस्था भएको हुनाले यस्तो जोखिम न्यून रहेको ।

(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम : आयोजनामा प्रयोग भएका प्रविधिहरुमा पछि परिवर्तन भएको खण्डमा मात्रै विद्युत गृह संचालनको क्रममा भविश्यमा केही प्रभाव पर्न सक्ने हुन्छ । तर यस्तो प्रकारको जोखिम ज्यादै न्यून हुने र सहजै संबोधन गर्न सकिने हुन्छ । आयोजनाले संचालनको चरणमा आवश्यक मात्रामा उपकरण तथा पाटर्पूर्जाहरु जगेडामा समेत राख्ने व्यवस्था गरिएको छ ।

(ट) पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम : हाल आयोजना निर्माणाधीन अवस्थामा रहेको र कुनै कारणवंश पुर्वाधार निर्माणमा ढिलाई हुन गएमा आयोजनाको लागतमा बृद्धि हुन सक्ने न्यून जोखिम रहेको छ ।

(ठ) **अन्य :**

- दैबि प्रकोप तथा काबु बाहिरको परिस्थिति उत्पन्न भई आयोजना निर्माण कार्यमा ढिलाई भएमा आयोजनाको लागत बढ्नुका साथै उत्पादनमा घाटा हुनसक्ने ।
- जलविद्युत आयोजना निर्माण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसवाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणका लागि आयोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी वीमाको व्यवस्था गरिएको ।
- जलवायु परिर्वतनबाट खोलामा पानीको वहावमा थप घट हुन गई तद्अनुरुप विद्युत उत्पादनमा घटबढ हुन सक्ने ।
- प्रस्तावित तुनीखर्क सवस्टेशन तथा सो सम्म आउने १३२ के.भी. प्रशारण लाईन निर्माणमा नेपाल विद्युत प्राधिकरणवाट भएको ढिलाईका कारण आयोजनावाट उत्पादित विद्युत खेर जान नदिन कम्पनीले नेपाल विद्युत प्राधिकरणसंगको सहमतिमा अतिरिक्त ३.५ कि.मी. बैकल्पिक प्रशारण लाईन निर्माण गरी उत्पादन हुने विद्युत नेपाल विद्युत प्राधिकरणलाई आपूर्ति गर्न नेपाल सरकार र यसका निकायहरुसंग अनुमति लिई आवश्यक निर्माण कार्य भईरहेको छ ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न ब्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।

नेपालमा उर्जा शक्तिको माग धेरै भए तापनि आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोतभन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको ब्यबस्थापनको धारणा रहेको छ । साथै उर्जा बिभिन्न श्रोत जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत आदिबाट प्राप्त गर्न सकिन्छ । यसमध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा हानी कम गर्ने र यसको लागत अन्य उर्जाभन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा ब्यबस्थापनको रहेको छ । सम्भावित जोखिमहरुलाई न्यूनिकरणका लागि कम्पनीले गरेका बीमाहरु सम्वन्धी विवरण तपसील बमोजिम रहेको छ ।

क्र. सं.	बीमा कम्पनीको नाम	बीमाको शीर्षक	बीमा गरिएको रकम (रु.)	बीमा बहन गर्ने जोखिम	प्रिमियमको रकम (रु.) हजारमा	पछिल्लो पटक प्रिमियम भुक्तानी गरेको रकम र मिति	बीमाको बैधता (Validity)
१.	एनएलजी ईन्सुरेन्स कं लिमिटेड	Contractor's All Risk Policy	३,७४,९३,५६,१२६	Material Damage & Liability to Third Parties	१,४१,३८,०९३	०६/०९/२०१७	०५/०९/२०२१ Construction Period १५/०८/२०२३ Maintenance Period
२.	एनएलजी ईन्सुरेन्स कं लिमिटेड	Group Personal Accidental Policy	१,८०,००,०००	Group Personal Accidental Policy of 12 Labor of ZHCIC	४६,८३०	२४/०९/२०२०	२३/०९/२०२१
३.	एनएलजी ईन्सुरेन्स कं लिमिटेड	Contractor's Plant and Machinery Policy	१,४४,८९,६००	Contractor's 6 no. of Plant and Machinery	१३३,४७१.९७	०२/०९/२०२०	०१/०९/२०२१
		जम्मा	**३,७८,१८,४५,७२६**				

धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :

प्रति शेयर अंकित मूल्य रु.१००/–दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

ग.९. वित्तीय विवरण :

ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :

(क) **संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण :** यस कम्पनीको आ.ब.२०७६/०७७ को लेखापरिक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँड हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

वासलात (२०७७ आषाढ मसान्त) **(रु.हजारमा)**

विवरण	रकम
सम्पत्ति	
दिर्घकालीन सम्पत्ति	
संम्पत्ति, प्लान्ट, तथा उपकरण	१३,८८१
बिकासक्रममा रहेका अमुर्त संम्पत्ति	३५,५४,६८५
अन्य दिर्घकालीन सम्पत्ति	३८,७४७
जम्मा स्थिर सम्पत्ति	**३६,०७,३१३**
चालु सम्पत्ति	
नगद र अन्य मौज्दात	१४,९४०

बैंक मौज्दात	६,३८६
अन्य वित्तीय सम्पत्ति	१,३८७
अन्य चालु सम्पत्ति	३,६४,४७४
जम्मा चालु सम्पत्ति	**३,८७,१८७**
जम्मा सम्पत्ति	**३९,९४,५०१**
पूँजी र दायित्व	
पूँजी तथा जगेडा कोष	
शेयर पूँजी	१०,९५,०००
जगेडा कोष र संचित नाफा	(६४,३२४)
जम्मा पूँजी तथा जगेडा कोष	**१०,३०,६७६**
दिर्घकालीन दायित्व	
वित्तीय दायित्व	
सापटि	२५,५८,९३२
अन्य वित्तीय दायित्व	१,८५,१३२
व्यवस्थाहरु	१,५३७
जम्मा स्थिर दायित्व	**२७,४५,६०२**
चालु दायित्व र ब्यवस्था	
अल्पकालीन सापटी	२२,५००
ब्यापारिक तथा अन्य भुक्तानि गर्नु पर्ने रकम	१,९२,०२२
अन्य वित्तीय दायित्वहरु	३,०१७
ब्यवस्थाहरु – अन्य	-
अन्य चालु दायित्व	**६८५**
जम्मा चालु दायित्व	**२,१८,२२३**
जम्मा पूँजी र दायित्व	**३९,९४,५०१**

नाफा- नोक्सान हिसाब (श्रावण १, २०७६ देखि आषाढ ३१, २०७७) **(रु.हजारमा)**

विवरण	**रकम**
निर्माण अवधिमा भएको आम्दानी	१३,०२,२४९
निर्माण अवधिमा भएको खर्च	(१३,०२,२४९)
कुल नाफा	
अन्य आय	-
प्रशासकीय र अन्य सञ्चालन खर्च	(२६,७३९)
आयकर कट्टी गर्नु अघिको कुल नाफा	**(२६,७३९)**
आयकर खर्च	
चालु आयकर	-
निरन्तर सञ्चालनबाट भएको नाफा	(२६,७३९)
यस वर्षको खुद नाफा	**(२६,७३९)**
अन्य उल्लेखिय आम्दानी	
आयकर कट्टी पछिको यस वर्षको अन्य उल्लेखिय खुद नफा/नोक्सान	
आयकर कट्टी पछिको यस वर्षको जम्मा उल्लेखिय खुद नफा/नोक्सान	**(२६,७३९)**
प्रति शेयर आम्दानी , प्रति शेयर मुल्य रु १००	
आधारभुत प्रति शेयर आम्दानी	(२.४४)
समायोजित प्रति शेयर आम्दानी	(२.४४)

नगद प्रवाह विवरण (श्रावण १, २०७६ देखि आषाढ ३१, २०७७) (रु.हजारमा)

क्र.सं.	विवरण	रकम
	सञ्चालन गतिविधिको नगद प्रवाह	
	आयकर अगाडिको खुद नाफा/मुनाफा नोक्सानी	(२६,७३९)
	जोड्ने	
	१. ह्रास कट्टी	३६०
	२. कर्मचारी सुबिधा बापतको व्यबस्था	७७८
	कार्यशिल पूँजीको परिवर्तन अघिको सञ्चालन नगद प्रवाह	
	१. अन्य वित्तिय सम्पत्तिमा भएको कमी/(बृद्धि)	(३६२२)
	२. अन्य चालु र गैह्र चालु सम्पत्तिमा भएको कमी/(बृद्धि)	३,४२७
	३. साहुमा भएको (कमी)/बृद्धि	१,४०,२३३
	४. अन्य वित्तिय दायित्वमा भएको (कमी)/बृद्धि	८२,१४४
	५. चालु दायित्वमा भएको (कमी)/बृद्धि	(५४१)
क	**सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह**	**१,९६,०४०**
	लगानी गतिविधिबाट नगद प्रवाह	
	१. बिकासक्रममा रहेका अमुर्त संम्पत्ति कमी/(बृद्धि)	(१२,९९,००८)
	२. संम्पत्ति, प्लान्ट, तथा उपकरणहरु खरिद	(२८५)
	३. ब्याज आम्दानी	
ख	**लगानी गतिविधिबाट खुद नगद प्रवाह**	**(१२,९९,२९२)**
	वित्तिय गतिविधिबाट नगद प्रवाह	
	१. थप ऋण रकम	८,९३,८८०
	२. शेयर जारी खर्च	(३००)
ख	**वित्तिय गतिविधिबाट खुद नगद प्रवाह**	**८,९३,५८०**
	नगदमा भएको कुल बृद्धि र कमी (क + ख + ग)	(२,०९,६७२)
	बर्षारम्भमा नगद तथा बैंक मौज्दात	२,२४,६१२
	बर्षान्तमा नगद तथा बैंक मौज्दात	**१४,९४०**

(ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :

वासलात **(रु.हजारमा)**

विवरण	आ.व. २०७४/२०७५	आ.व. २०७५/२०७६	आ.व. २०७६/२०७७
सम्पत्ति			
दिर्घकालीन सम्पत्ति			
संम्पत्ति, प्लान्ट, तथा उपकरण	१९,२६९	१७,१९८	१३,८८१
बिकासक्रममा रहेका अमुर्त संम्पत्ति	१०,६३,२५९	२२,५२,४३६	३५,५४,६८५
अन्य दिर्घकालीन सम्पत्ति	२,३५,५९२	१,११,६७९	३८,७४७
जम्मा स्थिर सम्पत्ति	**१३,१८,१२०**	**२३,८१,३१३**	**३६,०७,३१३**
चालु सम्पत्ति			
नगद र अन्य मौज्दात	२८,६१४	२,२४,६१२	१४,९४०
बैंक मौज्दात	४५०	२,९८१	६,३८६
अन्य वित्तीय सम्पत्ति	१५१	१,१७०	१,३८७
अन्य चालु सम्पत्ति	३,१२,६०८	२,९४,९७०	३,६४,४७४
जम्मा चालु सम्पत्ति	**३,४१,८२३**	**५,२३,७३३**	**३,८७,१८७**
जम्मा सम्पत्ति	**१६,५९,९४२**	**२९,०५,०४६**	**३९,९४,५०१**
पूँजी र दायित्व			
पूँजी तथा जगेडा कोष			
शेयर पूँजी	१,०९५,०००	१,०९५,०००	१,०९५,०००
जगेडा कोष र संचित नाफा	(२२,३२०)	(३७,२८५)	(६४,३२४)
जम्मा पूँजी तथा जगेडा कोष	**५,३२,६८०**	**१०,५७,७१५**	**१०,३०,६७६**

दिर्घकालीन दायित्व			
वित्तीय दायित्व			
सापटि	१०,७९,३१२	१६,८७,५५२	२५,५८,९३२
अन्य वित्तीय दायित्व	३७,६८२	१,०४,९६७	१,८५,१३२
व्यवस्थाहरु	४८७	७५९	१,५३७
जम्मा स्थिर दायित्व	**११,१७,४८१**	**१७,९३,२७८**	**२७,४५,६०२**
चालु दायित्व र ब्यवस्था			
अल्पकालीन सापटी	-	-	२२,५००
ब्यापारिक तथा अन्य भुक्तानि गर्नु पर्ने रकम	४,००९	५१,७८८	१,९२,०२२
अन्य वित्तीय दायित्वहरु	३,६९०	१,०३८	३,०१७
अन्य चालु दायित्व	२,०८२	१,२२५	६८५
जम्मा चालु दायित्व	**९,७८१**	**५४,०५२**	**२१८,२२३**
जम्मा पूँजी र दायित्व	**१६,५९,९४२**	**२९,०५,०४६**	**३९,९४,५०१**

नाफा- नोक्सान हिसाब (श्रावण १, २०७४ देखि २०७७ आषाढ मसान्तसम्मको लेखापरीक्षण सम्पन्न भएको) **(रु.हजारमा)**

विवरण	**आ.व. २०७४/२०७५**	**आ.व. २०७५/२०७६**	**आ.व. २०७६/२०७७**
निर्माण अवधिमा भएको आम्दानी	६,२६,०७१	११,८९,१७८	१३,०२,४९
निर्माण अवधिमा भएको खर्च	(६,२६,०७१)	(११,८९,१७८)	(१३,०२,२४९)
कुल नाफा			
अन्य आय	-	-	
प्रशासकीय र अन्य सञ्चालन खर्च	(६,७६७)	(१४,९६४)	(२६,७३९)
आयकर कट्टी गर्नु अघिको कुल नाफा	**(६,७६७)**	**(१४,९६४)**	**(२६,७३९)**
आयकर खर्च			
चालु आयकर	-	-	
निरन्तर सञ्चालनबाट भएको नाफा	(६,७६७)	(१४,९६४)	(२६,७३९)
यस वर्षको खुद नाफा	**(६,७६७)**	**(१४,९६४)**	**(२६,७३९)**
अन्य उल्लेखिय आम्दानी	-	-	
आयकर कट्टी पछिको यस वर्षको अन्य उल्लेखिय खुद नफा/नोक्सान	-	-	
आयकर कट्टी पछिको यस वर्षको जम्मा उल्लेखिय खुद नफा/नोक्सान	**(६,७६७)**	**(१४,९६४)**	**(२६,७३९)**
प्रति शेयर आम्दानी , प्रति शेयर मुल्य रु १००	-	-	
आधारभुत प्रति शेयर आम्दानी	(१.३०)	(२.२६)	(२.४४)
समायोजित प्रति शेयर आम्दानी	(१.३०)	(२.२६)	(२.४४)

(ग) आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागी पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तिय विवरण :

वासलात (२०७८ आषाढ मसान्तको ब्यवस्थापनबाट प्रमाणित भएको)

(रु.हजारमा)

विवरण	**अपरिष्कृत* २०७७/२०७८**
सम्पत्ति	
दिर्घकालीन सम्पत्ति	
संम्पत्ति, प्लान्ट, तथा उपकरण	११,०१४
बिकासक्रममा रहेका अमुर्त संम्पत्ति	५०,४९,९४५
अन्य दिर्घकालीन सम्पत्ति	१,५८७
जम्मा स्थिर सम्पत्ति	**५०,६२,५४७**

चालु सम्पत्ति	
नगद र अन्य मौज्दात	१३,४८०
बैंक मौज्दात	४,६९२
अन्य वित्तीय सम्पत्ति	५,६१३
अन्य चालु सम्पत्ति	७३,९५४
जम्मा चालु सम्पत्ति	**९७,७३९**
जम्मा सम्पत्ति	**५१,६०,२८६**
पूँजी र दायित्व	
पूँजी तथा जगेडा कोष	
शेयर पूँजी	१,०९५,०००
जगेडा कोष र संचित नाफा	(८७,७६४)
जम्मा पूँजी तथा जगेडा कोष	**१०,०७,२३६**
दिर्घकालीन दायित्व	
वित्तीय दायित्व	
सापटि	३२,०७,३३६
अन्य वित्तीय दायित्व	२,९३,११७
व्यवस्थाहरु	१,५३७
जम्मा स्थिर दायित्व	**३५,०१,९९०**
चालु दायित्व र ब्यवस्था	
अल्पकालीन सापटी	४,१८,३००
ब्यापारिक तथा अन्य भुक्तानि गर्नु पर्ने रकम	२,२९,३५६
अन्य वित्तीय दायित्वहरु	२,५७२
अन्य चालु दायित्व	८३२
जम्मा चालु दायित्व	**६,५१,०६०**
जम्मा पूँजी र दायित्व	**५१,६०,२८६**

नाफा- नोक्सान हिसाब (श्रावण १, २०७७ देखि २०७८ आषाढ मसान्तसम्मको ब्यवस्थापनबाट प्रमाणित भएको)
(रु.हजारमा)

विवरण	**अपरिष्कृत* २०७७/२०७८**
निर्माण अवधिमा भएको आम्दानी	१४,९५,२६०
निर्माण अवधिमा भएको खर्च	(१४,९५,२६०)
कुल नाफा	-
अन्य आय	
प्रशासकीय र अन्य सञ्चालन खर्च	(२०,४७८)
आयकर कट्टी गर्नु अघिको कुल नाफा	**(२०,४७८)**
आयकर खर्च	
चालु आयकर	
निरन्तर सञ्चालनबाट भएको नाफा	(२०,४७८)
यस वर्षको खुद नाफा	**(२०,४७८)**
अन्य उल्लेखिय आम्दानी	
आयकर कट्टी पछिको यस वर्षको अन्य उल्लेखिय खुद नफा/नोक्सान	
आयकर कट्टी पछिको यस वर्षको जम्मा उल्लेखिय खुद नफा/नोक्सान	**(२०,४७८)**
प्रति शेयर आम्दानी, प्रति शेयर मुल्य रु १००	
आधारभुत प्रति शेयर आम्दानी	(१.८७)
समायोजित प्रति शेयर आम्दानी	(१.८७)

(घ) **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको ।

(ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा :** सो नभएको ।

(च **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** सो नभएको ।

(छ) **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य (ई) पुनर्मूल्यांकनको औचित्य :** सो नभएको ।

(ज) **आगामी पाँच वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :** कम्पनीको आगामी ५ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

वासलात **(रकम रु.हजारमा)**

विवरण	आ.व २०७८/२०७९	आ.व २०७९/२०८०	आ.व २०८०/२०८१	आ.व २०८१/२०८२	आ.व २०८२/२०८३
सम्पत्ति					
दिर्घकालीन सम्पत्ति					
संम्पत्ति, प्लान्ट, तथा उपकरण	९,६४७	८,२८५	७,१६७	६,२५१	५,५००
विकासक्रममा रहेका अमुर्त संम्पत्ति	–	–	–	–	
अमूर्त सम्पत्ति	५८,७९,३२२	५६,५३,१९४	५४,२७,०६६	५२,००,९३८	४९,७४,८११
अन्य दिर्घकालीन सम्पत्ति	–	–	–	–	
जम्मा स्थिर सम्पत्ति	**५८,८८,९६८**	**५६,६१,४७८**	**५४,३४,२३३**	**५२,०७,१९०**	**४९,८०,३११**
चालु सम्पत्ति					
नगद र अन्य मौज्दात	१६६	९,४९४	९,५८५	५८,४०१	१३९,६६६
बैंक मौज्दात	१५,१९१	३३,८७६	५३,१०८	७२,८८७	९३,७५९
अन्य वित्तीय सम्पत्ति	६३,३२१	७७,८७९	८०,१५८	८२,४३६	८६,९९३
अन्य चालु सम्पत्ति	१२५	७५	१७२	२३५	४४
जम्मा चालु सम्पत्ति	**७८,८०२**	**१२१,३२४**	**१४३,०२२**	**२१३,९५९**	**३२०,४६२**
जम्मा सम्पत्ति	**५९,६७,७७१**	**५७,८२,८०२**	**५५,७७,२५६**	**५४,२१,१४८**	**५३,००,७७३**
पूँजी र दायित्व					
पूँजी तथा जगेडा कोष					
शेयर पूँजी	१०,९५,०००	१५,००,०००	१५,००,०००	१५,००,०००	१५,००,०००
जगेडा कोष र संचित नाफा	(५८,४२५)	१,४७,४१२	३,२४,२८४	५,०९,६९२	६,९६,४४१
जम्मा पूँजी तथा जगेडा कोष	**१४,४१,५७५**	**१६,४७,४१२**	**१८,२४,२८४**	**२०,०९,६९२**	**२१,९६,४४१**
दिर्घकालीन दायित्व					
वित्तीय दायित्व					
सापटि	४१,८१,३८०	३९,४३,१११	३६,८३,४२६	३४,००,४०१	३०,९१,९३७
अन्य वित्तीय दायित्व	१५०,०००	१५०,०००	–	–	
व्यवस्थाहरु	२,१४५	२,०५४	२,५०१	२,७८५	२,५२७
जम्मा दिर्घकालीन दायित्व	**४३,३३,५२५**	**४०,९५,१६४**	**३६,८५,९२७**	**३४,०३,१८६**	**३०,९४,४६४**
चालु दायित्व र व्यवस्था					
अल्पकालीन सापटी	३९,८८४	३४,०५२	५९,७५१	–	–
व्यापारिक तथा अन्य भुक्तानि गर्नु पर्ने रकम	१५१	१६६	२३७	२३७	२३७

अन्य वित्तीय दायित्वहरु	१५१,६९९	१,३८०	१,४९१	१,४३३	१,४१८
व्यवस्थाहरु – अन्य	५९९	४,२०१	५,१४०	६,०८०	७,६३८
अन्य चालु दायित्व	३३८	४२६	४२६	५२१	५७६
जम्मा चालु दायित्व	**१९२,६७१**	**४०,२२५**	**६७,०४५**	**८,२७१**	**९,८६८**
जम्मा पूँजी र दायित्व	**५९,६७,७७१**	**५७,८२,८०२**	**५५,७७,२५६**	**५४,२१,१४८**	**५३,००,७७३**

नाफा- नोक्सान हिसाब **(रकम रु.हजारमा)**

विवरण	**आ.व**	**आ.व**	**आ.व**	**आ.व**	**आ.व**
	२०७८/२०७९	**२०७९/२०८०**	**२०८०/२०८१**	**२०८१/२०८२**	**२०८२/२०८३**
विक्री आम्दानी	७,५९,५५०	९,३४,२४७	९,६१,५९०	९,८८,९३४	१,०४३,६२२
विक्रीको लागत (प्रशासकीय तथा संचालन खर्च र ह्रास खर्च समेत)	(३,४८,४१९)	(३,६२,२४५)	(३,६६,०९८)	(३,७०,०८३)	(३७२,६१२)
मोटामोटी नाफा	**४,११,१३१**	**५,७२,००१**	**५,९५,४९२**	**६,१८,८५१**	**६,७१,०१०**
सञ्चालनबाट नाफा	**४,११,१३१**	**५,७२,००१**	**५,९५,४९२**	**६,१८,८५१**	**६,७१,०१०**
व्याज खर्च	(३,८१,१९३)	(३,६१,९६३)	(३,३८,४८१)	(३,१४,८६३)	(२,८९,१२३)
आयकर तथा बोनस कट्टी गर्नु अघिको खुद नाफा	**२९,९३८**	**२,१०,०३८**	**२,५७,०१२**	**३,०३,९८८**	**३,८१,८८७**
कर्मचारी बोनस व्यवस्था	**(५९९)**	**(४,२०१)**	**(५,१४०)**	**(६,०८०)**	**(७,६३८)**
आयकर	–	–	–	–	–
आयकर कट्टी गर्नु पछिको खुद नाफा	**२९,३३९**	**२,०५,८३८**	**२,५१,८७१**	**२,९७,९०८**	**३,७४,२४९**
प्रस्तावित लाभांश	–	५%	७.५%	१२.५%	१५%
खुद नाफा (नाफा/नोक्सान)	**२९,३३९**	**२,०५,८३८**	**२,५१,८७१**	**२,९७,९०८**	**३,७४,२४९**

वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

विवरण	**आ.व**	**आ.व**	**आ.व**	**आ.व**	**आ.व**
	२०७८/२०७९	**२०७९/२०८०**	**२०८०/२०८१**	**२०८१/२०८२**	**२०८२/२०८३**
कुल आयमा औषत बृद्धिदर	–	२३	२.९३	२.८४	५.५३
कुल खर्चमा औषत बृद्धिदर ब्याज र ह्रास बाहेक	–	२३.७६	२.८३	२.८५	१.७६
सञ्चालन खर्च तथा कुल आम्दानी अनुपात	–	०.४६	०.३९	०.३८	०.३७
खुद मुनाफामा औषत बृद्धिदर	(२४३.२७)	६०१.५९	२२.३६	१८.२८	२५.६३
आयकर व्यवस्था (प्रतिशतमा)	–	–	–	–	–
प्रति शेयर आम्दानी	१.९६	१३.७२	१६.७९	१९.८६	२४.९५
अन्य सञ्चालन खर्चका वृद्धिदर (ब्याज / ह्रास)	(५.०९)	(३.९९)	(४.१८)	(४.७६)	(५.४४)
Return on Equity	२.०४	१२.४९	१३.८१	१४.८२	१७.०४
Return on Assets	०.४९	३.५६	४.५२	५.५०	७.०६

वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :

१. कम्पनीले धितोपत्रको सार्वजनिक निष्काशनबाट आ.व.२०७८/७९ मा शेयर पूँजी रु.४०,५०,००,०००/- ले वृद्धी हुने प्रक्षेपण गरेको छ ।

२. आयोजनाको व्यापारिक उत्पादन शुरु गर्ने मिति बैशाख ६, २०७७ तय गरिएकोमा COVID-19 को प्रभावले ढिलाई हुन गई सो मिति आश्विन १, २०७८ लाई निर्धारण गरिएको छ ।

३. न्यादी जलविद्युत आयोजनाको लागत अनुमान निर्माण अवधिको ब्याज बाहेक रु.५,३०,१८,२९,०५५/- तथा निर्माण अवधिको ब्याज समेत रु.६,११,७७,५५,०५५/- (अक्षरेपी छ अर्ब एघार करोड सतहत्तर लाख पचपन्न हजार पचपन्न मात्र) रहेको छ ।

नेपाल विद्युत प्राधिकरणसंगको Power Purchase Agreement (PPA) मा भएको व्यवस्था बमोजिम प्रत्येक बर्षको आषाढ महिनामा नेपाल विद्युत प्राधिकरणबाट विद्युत उर्जा बिक्री बापत प्राप्त हुनु पर्ने रकमलाई आसामी भनेर देखाउने गरी प्रक्षेपण गरिएको छ ।

नेपाल विद्युत प्राधिकरणसँग भएको Power Purchase Agreement (PPA) का आधारमा प्रति युनिट विद्युत दर सुख्खा याममा रु.८.४० र बर्षा याममा रु.४.८० का आधारमा र सो दर प्रति बर्ष ३% का दरले ८ बर्षसम्म वृद्धि हुने गरि प्रक्षेपण गरिएको छ ।

४. व्यापारिक उत्पादन भएको १५ बर्षसम्म रोयल्टीको दर प्रति KW रु.१००/- र विद्युत विक्रिबाट हुने आम्दानीको २% हुने गरि वित्तयि विवरणमा प्रक्षेपण गरिएको छ । सो पश्चत् रोयल्टीको दर प्रति KW रु १,०००/- र विद्युत विक्रिबाट हुने आम्दानीको १०% हुने प्रक्षेपण गरिएको छ ।

५. अग्रिम भुक्तानी तथा सापटीहरु मुख्यत: निर्माण कार्यमा संलग्न ठेकेदारहरुलाई प्रदान गरिएकोले सो रकमहरु क्रमश: कम हुँदै जानेछन् ।

६. स्थीर सम्पत्तिको ह्रासकट्टी व्यवस्थापनले तोकेको प्रभावकारी समयावधिलाई आधार मानी तल दिइएको तालिका अनुसार गणना गरिने छ ।

सम्पत्ति	ह्रासकट्टिको तरिका	दर	सम्पत्ती	ह्रासकट्टिको तरिका	दर
सिभिल निर्माण	SLM	३.७० प्रतिशत	फर्निचर तथा फिक्चर्स	WDV	२५ प्रतिशत
भवन	SLM	३.७० प्रतिशत	कार्यालय उपकरण	WDV	२५ प्रतिशत
हाइड्रो तथा इलेक्ट्रमेकानिकल	SLM	३.७० प्रतिशत	सवारी साधन	WDV	२० प्रतिशत
ट्रान्समिसन लाइन	SLM	३.७० प्रतिशत	प्लान्ट एण्ड मेशिनरी	WDV	१५ प्रतिशत

व्यवस्थापनले हरेक आर्थिक बर्षको अन्त्यमा स्थीर सम्पत्तिको अनुमानित आधारमा पुनरावलोकन गर्ने र आवश्यकता अनुसार समायोजन गर्ने प्रक्षेपण गरिएको छ ।

७. बिद्युत उत्पादन खर्चहरु हरेक बर्ष ४ प्रतिशतका दरले बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

८. विद्युत नियमावली, २०५० अनुसार विद्युत उत्पादन गर्ने कम्पनीले नाफाको २ प्रतिशत कर्मचारी बोनस बापत व्यवस्था गर्नु पर्ने भएकाले सोही अनुसार बोनस खर्चको प्रक्षेपण गरिएको छ ।

९. कम्पनीले आ.व. २०७३/७४ देखि लेखा नीतिमा परिवर्तन गरी Nepal Financial Reporting Standard अवलम्बन गरेको हुँदा बिगतका आ.व.सम्म भएका तथा भावी दिनमा हुने सबै केन्द्रिय कार्यालयको बिशुद्ध प्रशासनिक खर्चहरुलाई समेत नाफा नोक्सान हिसावमा खर्च लेख्ने नीति अवलम्वन गरेको छ ।

१०. सिभिल, हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल कार्यहरुको ठेकेदारको रिटेन्सन मनीको भुक्तानी तालिका वमोजिम गरिने भुक्तानीका अल्पकालिन कर्जा वा कम्पनीको नगद प्रवाहवाट गरिने अनुमान गरिएको छ ।

ग.९.ख.वित्तीय अनुपात सम्बन्धी विवरण :

(क) सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :

कम्पनीको प्रति शेयर नेटवर्थ, प्रति शेयर आम्दानी तथा संचित नाफा(नोक्सान) मा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेकोछ :

विवरण	वास्तविक			अपरिष्कृत* आ.व	प्रक्षेपित			
	आ.व	आ.व	आ.व		आ.व	आ.व	आ.व	आ.व
	०७४/०७५	०७५/०७६	०७६/०७७	०७७/०७८	०७८/०७९	०७९/०८०	०८०/०८१	०८१/०८२
प्रति शेयर नेटवर्थ (रु.)	९५.९८	९६.६०	९४.१३	९१.९९	९६.१०	१०९.८३	१२१.६२	१३३.९८
प्रति शेयर आम्दानी (रु.)	(१.३०)	(२.२६)	(२.४४)	(१.८७)	१.९६	१३.७२	१६.७९	१९.८६
संचित नाफा (नोक्सान) रु. हजारमा	(२२,३२०)	(३७,२८५)	(६४,३२४)	(८७,७६४)	(७३,६१६)	१,१३,५३६	२,७१,१७६	४३६,८०५

विवरण	वास्तविक (रु. हजारमा)			अपरिष्कृत* आ.व.	प्रक्षेपित (रु.हजारमा)			
	आ.व	आ.व	आ.व		आ.व	आ.व	आ.व	आ.व
	०७४/०७५	०७५/०७६	०७६/०७७	०७७/०७८	०७८/०७९	०७९/०८०	०८०/०८१	०८१/०८२
चुक्ता पुंजी	५५५,०००	१,०९५,०००	१,०९५,०००	१,०९५,०००	१५,००,०००	१५,००,०००	१५,००,०००	१५,००,०००
जगेडा तथा कोषहरु	(२२,३२०)	(३७,२८५)	(६४,३२४)	(८७,७६४)	(५८,४२५)	१४७,४१२	३२४.२८४	५०९,६९२
कुल नेटवर्थ	**५३२,६८०**	**१,०५७,७१५**	**१,०३०,६७६**	**१०,०७,२३६**	**१४,४१,५७५**	**१६,४७,४१२**	**१८,२४,२८४**	**२०,०९,६९२**
शेयर संख्या (हजारमा)	५,५५०	१०,९५०	१०,९५०	१०,९५०	१५,०००	१५,०००	१५,०००	१५,०००
प्रति शेयर नेटवर्थ(रु.)	९५.९८	९६.६०	९४.१३	९१.९९	९६.१०	१०९.८३	१२१.६२	१३३.९८
प्रति शेयर चुक्ता पुंजी	१००	१००	१००	१००	१००	१००	१००	१००
खूद नाफा नोक्सान (रु. हजारमा)	(६,७६६)	(१४,९६४)	(२६,७३९)	(२०,४७८)	२९,३३९	२,०५,८३८	२,५१,८७१	२,९७,९०८
प्रति शेयर आम्दानी (रु.)	(१.३०)	(२.२६)	(२.४४)	(१.८७)	१.९६	१३.७२	१६.७९	१९.८६
नेटवर्थमा औसत प्रतिफल	(१.२७)	(१.४१)	(२.५९)	(२.०३)	२.०४	१२.४९	१३.८१	१४.८२

(ख) विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल :(१.७६) %

उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि केपिएन एण्ड एसोसिएट्स, चार्टर्ड एकाण्टेण्ट श्री केशब प्रशाद न्यौपानेले गर्नुभएको हो ।

ग.१०. धितोपत्र निष्कासन सम्बन्धी विवरण :

ग.१०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले स्थानीय बासिन्दाहरुका लागि तथा सर्वसाधरणमा गरी रु.४०,५०,००,०००/–(अक्षरेपी चालिस करोड पचास लाख मात्र) बराबरको रु.१००/– अंकित दरको ४०,५०,००० कित्ता शेयर धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को अधिनमा रही शेयर निष्कासन गरी उक्त रकम कम्पनीले सिभिल, हाइड्रो तथा इलेक्ट्रो मेकानिकल निर्माण कार्य गरे वापत सम्वन्धी ठेकेदार कम्पनीलाई भुक्तानी दिने कार्यमा खर्च गर्ने मुख्य उद्देश्य रहेको छ ।

ग.१०.ख. धितोपत्र निष्कासनबाट प्राप्त पुँजीको उपयोग :

(क) **निष्कासनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :** यस विवरण मार्फत सर्वसाधारण (स्थानीय बासिन्दाहरु समेत) मा निष्कासन गरिने ४०,५०,००० कित्ता शेयर बराबरको रकम देहाय बमोजिमका कार्यका लागि खर्च गरिनेछ ।

क्र.सं.	विवरण	रकम (रु.)
१.	सिभिल, हाइड्रो तथा इलेक्ट्रा मेकानिकल निर्माण कार्य गरे वापत ठेकेदार कम्पनीलाई दिनु पर्ने भुक्तानी रकम ।	४०,५०,००,०००
	जम्मा	**४०,५०,००,०००**

(ख) **सार्वजनिक निष्कासन गरिने धितोपत्र पूर्ण रुपमा विक्री नभएमा सार्वजनिक निष्कासनको उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था:** यस विवरणपत्रबाट निष्काशित शेयरहरु स्थानिय बासिन्दाहरुबाट माग बमोजिम दरखास्त प्राप्त नभई शेयर बाँकी रहन गएमा उक्त शेयरहरु सर्वसाधारणमा थप गरी निष्कासन गरिनेछ । त्यसै गरी सर्वसाधारणहरुबाट माग बमोजिम दरखास्त प्राप्त नभई शेयर बाँकी रहन भएमा निष्काशित रकम रु.४० करोड ५० लाख बराबरको शेयर खरिद गर्न प्रत्याभूतिकर्तासँग प्रत्याभूति सम्झौता गरिसकिएको व्यहोरा अनुरोध छ ।

(ग) **आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :**

यस कम्पनीद्धारा निर्माणाधीन आयोजनाको आयोजना स्थल मर्स्याङ्दी गाँउपालीका वडा नं. ६, गण्डकी अञ्चल, लमजुङ्ग जिल्लामा रहेको छ । यो जलविद्युत आयोजनाको निर्माण कार्यका लागि परामर्श सेवा कार्य, सिभिल कार्य, हाइड्रोमेकानिकल कार्य, इलेक्ट्रोमेकानिकल निर्माण कार्य, र विद्युत प्रशारण लाइन निर्माण कार्यका लागि परामर्शदाता तथा ठेकेदारहरुको छनौट भई हाल सम्झौता बमोजिमको कार्यहरु गरिरहेका छन् । नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद विक्री सम्झौता बमोजिम आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति राष्ट्रिय विद्युत प्रशारण लाइनमा जोड्नको लागि आयोजना स्थलदेखि न्यादी खोला जलविद्युत आयोजनाको सव स्टेसनसम्मको Transmission Line यस कम्पनीबाट र न्यादी जलविद्युत आयोजनाको सव स्टेसनदेखि खुदी तारीकुनासम्मको करिव ६.००८ कि.मी. लामो Transmission Line मर्स्याङदी सव स्टेसनमा लागि जोडिएको छ । प्रस्तावित तुनीखर्क सवस्टेशन तथा सो सम्म आउने १३२ के.भी. प्रशारण लाईन निर्माणमा नेपाल विद्युत प्राधिकरणवाट भएको ढिलाईका कारण आयोजनावाट उत्पादित विद्युत खेर जान नदिन कम्पनीले नेपाल विद्युत प्राधिकरणसंगको सहमतिमा अतिरिक्त ३.५ कि.मी. बैकल्पिक प्रशारण लाईन निर्माण गरी उत्पादन हुने विद्युत नेपाल विद्युत प्राधिकरणलाई आपूर्ति गर्न नेपाल सरकार र यसका निकायहरुसंग अनुमति लिई आवश्यक निर्माण कार्य भईरहेको छ ।

आयोजनाको विभिन्न कार्यको आ.व. अनुसार भएको वास्तविक खर्चहरुको विवरण तथा आगामी आ. व. सम्मको खर्चहरुको प्रषेपण यस प्रकार रहेको छ । (रु हजारमा)

क्र.सं.	विवरण	आ. व.	आ. व.	आ. व.	आ. व.
		२०७५/२०७६	२०७६/२०७७	२०७७/२०७८	२०७८/२०७९
ञ१	सिभिल निर्माण कार्य	१३,४७,७७९	१८,४५,०६०	२५,४९,२६५	४२,२४,१५५
२	इलेक्ट्रो मेकानिकल कार्य	१,०२,५४५	४,०७,९२०	५८४,१०३	९,३२,२०१
२	हाइड्रोमेकानिकल कार्य	१,०२,६३९	३,२१,९३२	४९१,८०६	६,७१,०४२
३	१३२ के.भी.ट्रान्समिशन लाईन	३,०९२	४६,९४	९७,२७९	२,१८,०५०
४	इर्नजिनियरीङ्ग तथा व्यवस्थापन	२,५७,५७२	२,९८,६९६	३,२४,६३८	-
५	वातावरण, समाजिक तथा सामुदायिक सहयोग कार्य	२७,४२२	३६,५६७	४६,४६८	-
६	अन्य विकास, पूर्व संचालन तथा प्रशासनिक खर्च	३,७७,६६९	६,०५,८४८	९,२२,४१९	-
७	संम्पत्ति, प्लान्ट, तथा उपकरण	१७,१९८	१३,८८१	११,०१४	-
८	जग्गा	३३,७१९	३३,९६७	३३,९६७	-
	जम्मा	**२२,६९,६३४**	**३५,६८,५६६**	**५०,६०,९५९**	**६१,१७,७५५**

(घ) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** यो आयोजनाबाट मिति २०७८।०६।०१ गतेसम्ममा विद्युत उत्पादन गर्ने लक्ष्य राखेको छ ।

(ङ) **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु :**

कम्पनीले खरिद गरेको उपकरणको मूल्य :

कम्पनीले आयोजनाको इलेक्ट्रोमेकानिकल कार्य अन्तर्गत पर्ने Turbine Generator, Transformer, Gas Insulated Switchgear लगायतका मेसीन तथा उपकरणहरुको Design, Manufacture, Supply Installation, Testing and Commissioning का लागि ठेकेदार कम्पनी M/s. Zhejiang Hydropower Construction & Installation Co. Ltd., China सँग मिति २०७३/१०/०३ मा ठेक्का सम्झौता गरेको र ठेक्का सम्झौता अनुसार यस कार्यको लागत विदेशी मुद्रातर्फ अमेरिकी डलर ५६,३५,९१७।०० (अक्षरेपी छपन्न लाख पैतीस हजार नौ सय सत्र मात्र) र नेपाली मुद्रातर्फ करीब रु.३,९३,२२,३११।०० (अक्षरेपी तीन करोड त्रियानब्बे लाख बाइस हजार तीन सय एघार मात्र) रहेको छ ।

(च) **कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

(छ) **उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** यस आयोजनाको जडित क्षमता ३० मेगावाट र बार्षिक उत्पादन क्षमता १७२.१४ गिगावाट आवर रहेको छ । यसवाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिने छ । विद्युत बिक्रीका लागि प्रतिस्पर्धा गनुपर्ने अवस्था रहेको छैन ।

ज) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** मर्स्याङ्दी गाँउपालिका, लम्जुङ जिल्ला, गण्डकी अञ्चल स्थित न्यादी खोलाको पानी उपयोग गरिने छ । सो स्रोत उपयोगका लागि उर्जा मन्त्रालयबाट ३५ वर्षका लागि अनुमति प्राप्त भएको छ ।

झ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** मर्स्याङ्दी गाँउपालिका, गण्डकी अञ्चल, लमजुङ जिल्लाको न्यादी खोला र सिउरी खोलाको पानी ।

ञ) **सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

(अ) निष्काशन तथा बिक्री प्रबन्धक – रु.१००,०००/–
(आ) सहनिष्काशन तथा बिक्री प्रबन्धक – रु.१००,०००/–
(इ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।
(ई) प्रत्याभूतिकर्ता शुल्क – रु. १२,००,०००/– नागरिक लगानी कोष ।
(उ विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – नभएको ।
(ऊ) लेखापरिक्षकको शुल्क – वित्तीय प्रक्षेपण प्रमाणिकरण तथा अन्य कार्य गरे वापतको शुल्क रु ३९,५५०/–
(ए) अन्य - नभएको ।

ग.१०.ग. सार्वजनिक निष्कासनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण: सो नभएको ।

ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा : प्रिमियममा शेयर जारी नगरिएको ।

ग.१०.ङ. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लीग दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१. शेयर बाँडफाँट गर्दा सर्वप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँट गरिने छ ।

२. बुँदा (१) बमोजिम बाँडफाँट गरे पश्चात बाँकी रहेको निष्काशित शेयर आवेदकहरुलाई पूनः १० (दश) कित्ताको दरले बाँडफाँट गरिने छ ।

३. बुँदा (२) बमोजिम शेयर बाँडफाँटको प्रकृया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँट गरिने छ ।

४. उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ ।

५. शेयर बाँडफाँट सफ्टवेयर तथा बाँडफाँट तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।

६. शेयर बाँडफाँटको जानकारी बाँडफाँट गरेको भोली पल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ ।

७. कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँट गर्दा कम्पनीको संचालक समितिको निर्णय बमोजिम गरिनेछ । साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँट गरी बाँडफाँट हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभुतीकर्ता वीच भएको प्रत्याभूत सम्वन्धि सम्झौता बमोजिम प्रत्याभूतिकर्ताले खरिद गर्नेछ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था:** शेयर वापतको आवेदन लिने कार्य धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्वा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंक तथा वित्तीय संस्थाहरुबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँट गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँट भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा कानुन बमोजिम सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँटपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको विक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्कासनमा धितोपत्र खरीद (सार्वजनिक निष्कासन) सम्बन्धि निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जस अनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको ।

(घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :** निष्कासन गरिने साधारण शेयर "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" मा व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** सो नभएको ।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीदरबिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँट गरी दोस्रो वजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई कारोवार हुने व्यवस्था मिलाइनेछ । साथै सूचिकरण पश्चात उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरु, संस्थापक संस्थाका कर्मचारीहरु तथा निष्काशन कम्पनीका कर्मचारीहरुका लागि छुट्टयाई निष्काशन गरिएको साधारण शेयर तोकिएको समयावधिसम्म खरिद विक्री गर्न नमिल्ने गरी हितग्राही खातामा जम्मा गर्ने व्यवस्था मिलाइने छ ।

ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरण :

(क) **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

१. धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम : श्री नागरिक लगानी कोष ।

२. ठेगाना : नयाँ बानेश्वर, काठमाण्डौं ।

३. प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम : यस विवरणपत्रद्वारा निष्कासन तथा विक्री गरिने साधारण शेयरहरु विक्री नभएमा नेपाल धितोपत्र बोर्डबाट मर्चेण्ट बैंकरको काम कारोवार गर्न इजाजत पत्र प्राप्त संस्था श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौंबाट प्रति शेयर अंकित मूल्य रु.१००/- दरका ४०,५०,००० कित्ता (स्थानीय बासिन्दा, संस्थापक संस्थाका कर्मचारीहरु तथा सर्वसाधारणहरु समेत) शेयर बराबर रकम रु.४०,५०,००,०००/- को शेयर प्रत्याभूति गरिएको छ ।

(ख) **धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु :**

१. कम्पनीको जारी पूँजी रु.१,५०,००,००,०००/- को १०% ले हुने मूल्य रु.१,५०,००,००,००० बराबरको १५,००,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई र जारी पूँजी २% ले हुने मूल्य रु.३,००,००,०००/- बराबरको ३,००,००० कित्ता संस्थापक शेयरधनी संस्थाका कर्मचारीहरुका लागि र बाँकी १५% अर्थात २२,५०,००,०००/- रकम बराबरको २२,५०,००० कित्ता शेयर मध्ये ५% अर्थात १,१२,५०० कित्ता साधारण शेयर सामूहिक लगानी कोष र २% अर्थात ४५,००० कित्ता साधारण शेयर कम्पनीको कर्मचारीलाई छुट्टाएको गरी जम्मा ४०,५०,००० कित्ता शेयर रु.१००/– अंकित दरले शेयरको मूल्य रु.४०,५०,००,०००/- (अक्षेरुपी चालिस करोड पचास लाख मात्र) को शेयर प्रत्याभूति व्यवस्थापनको कार्य गर्न श्री नागरिक लगानी कोषलाई प्रत्याभूतिकर्ताको रुपमा नियुक्त गरेको छ ।

२. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरुमा प्रत्याभूतिकर्ताको दायित्त प्रत्याभूति गर्न यस सम्झौता बमोजिम कबुल गरेको शेयर कित्ताले खामेसम्मको मात्र दायित्व बहन गर्नेछ ।

३. प्रत्याभूतिकर्ताले आफू नेपाल धितोपत्र बोर्डबाट सदस्यता प्राप्त धितोपत्र व्यवसायी रहेको र कम्पनीको ४०,५०,००० कित्ता शेयर रु.१००/– अंकित दरले शेयरको मूल्य रु.४०,५०,००,०००/- (अक्षेरुपी चालिस करोड पचास लाख मात्र) को शेयर प्रत्याभूति गर्न कानूनी र आर्थिक रुपमा सक्षम आधिकारिक संस्था हो भनी उद्घोष गरेको छ ।

४. कम्पनीको शेयर सर्वसाधारणमा विक्री गर्दा सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वतः समाप्त हुनेछ ।

५. प्रत्याभूति गरेको शेयर ग्रहण गर्नु परेमा उक्त शेयर ग्रहण गरेपछि सर्वसाधारण शेयरधनी सरह प्रत्याभूतिकर्तालाई शेयरप्रतिको हक अधिकार प्राप्त हुनेछ ।

६. यस सम्झौताको कायन्वियन र व्याख्यामा मत भिन्नता भएमा वा विवाद उत्पन्न भएमा दवै पक्षको आपसी सहमतिमा विवादको समाधान हुन नसकेमा दुवै पक्षले एक एक जना मध्यस्थकता नियुक्त गर्नेछन् । यसरी नियुक्त मध्यस्थकर्ताको आपसी सहमतिमा मुख्य मध्यस्थकता गरिने छ र मध्यस्थकताद्वारा गरिएको निर्णय दुवै पक्षलाई मान्य हुनेछ । मध्यस्थकता सम्बन्धी लाग्ने खर्च दुबै पक्षले समान रुपमा व्यहोर्नेछन् । मध्यस्तकर्ताको कार्यालय काठमाण्डौंमा रहनेछ । मध्यस्थकर्ताले अपनाउनु पर्ने कार्यविधि तथा विवाद समाधानका अन्य प्रक्रिया मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ ।

७. दुवै पक्षहरुको आपसी सहमतिमा यस सम्झौतामा भएको शर्त बन्देजहरु फेरवदल र संशोधन गर्न सकिनेछ । त्यस्तो फेरवदल र संशोधनलाई यस सम्झौताकै अभिन्न अंग मानिनेछ ।

ग.१०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :

(क) **धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्कासन गरिएका शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश,

हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानुन अनुसार हुनेछ ।

(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, गंगादेवी मार्ग - ३१३ बुद्धनगर, नयाँ बानेश्वर, काठमाण्डौं वा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लि., नक्साल, काठमाण्डौ तथा सह निष्कासन तथा विक्री प्रवन्धक श्री एनएमवि क्यापिटल लि., नागपोखरी, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयरका लागि सर्वसाधारणहरुले दरखास्त दिंदा न्युनतम १० कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ताभन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम ५०,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि आवेदन दिन सकिने छ ।

(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

लमजुङ्ग जिल्लाको आयोजना प्रभावित स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी उद्योग अति प्रभावित तथा प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।
२. १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ ।
३. १६ बर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।
४. विवाह भै आएका महिलाका हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनु पर्नेछ ।
५. बसाईं सराई गरि आएको हकमा आह्वानपत्र प्रकाशित हुनुभन्दा अगावै बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।
६. माथि उल्लेखित हुन छुटेका वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित न.पा. को सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र ।
८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।
९. धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ ।
१०. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सवै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।
११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा पहिलो आवेदनलाई मान्यता दिई त्यसपछिको आवेदनलाई रद्द गरिनेछ ।
१३. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।
१४. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।
१५. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।
१६. रु.५०,०००/-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।
१७. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ ।
१८. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ ।
१९. हितग्राही खाता खोली सकेको आवेदकको हकमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ ।

२०.साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियवासीहरुले ऐच्छिक रुपमा आस्वा प्रणाली मार्फत आवेदन दिन सक्ने छ ।

सर्वसाधारणमा निष्कासन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. यस विवरण पत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्कासनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।

२. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

३. सर्वसाधारणको हकमा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । तर उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा उक्त सेवा लागू हुने छैन ।

४. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

५. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गर्न चाहेको धितोपत्र बापतको रकम भुक्तानी नहुंदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्कासन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुंदा सो कुराको जानकारी आवेदक स्वयंले जानकारीमा लिनु पर्नेछ ।

६. धितोपत्र बाँडफाँट गर्नु पूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्कासन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

७. शेयरको बाँडफाँट गरी सूचीकरण भए पश्चात बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेका शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको ब्यक्ति : कारोबार नभएको ।

(ख) आधारभूत शेयरधनी : कारोबार नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवारको सदस्य : कारोबार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोबार गरेको छैन ।

ग.१२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :

विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था सञ्चालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु : कम्पनीमा विदेशी लगानी र विदेशी ब्यवस्थापन नरहेको ।

ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :

(क) **संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्याः** निष्कासनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** सो नभएको ।

ग.१४.पछिल्लो सार्वजनिक निष्कासनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्कासन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण : सो नभएको ।

ग.१५. परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण :

(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्कासन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :

अ) कम्पनीको आ.व.२०७६/७७ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण श्री सिएससि एण्ड कम्पनीका, चार्टड एकाउण्टेन्ट श्री जितेन्द्र कुमार मिश्रले गर्नु भएको छ ।

आ) यस निष्कासनको लागि प्रमुख बैंकको व्यबस्था गरिएको छैन ।

इ) **निष्कासन बैंक (Bankers to the Issue) :** यस निष्कासनको लागि देहायका बैंकलाई निष्कासन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

सि.नं.	निष्कासन बैंकको नाम, ठेगाना	खाताको नाम	खाता नम्बर
१.	श्री ग्लोबल आइएमई बैंक लिमिटेड, कान्तिपथ, काठमाण्डौं ।	GICL-BTI-NyadiHydropower IPO	०१०१०१०००७७८५

ई) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था के.पि.एन एण्ड एसोसियट्स्का चार्टड एकाउण्टेण्ट श्री केशब प्रशाद न्यौपानेले प्रमाणित गरेको छ ।

(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु : सो नभएको ।

ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :

यो परियोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्वलगानी र तल उल्लेखीत बैंक तथा वित्तीय संस्थाहरुको सहवित्तियकरण (कन्सोर्टियम) बाट ऋण प्राप्त गरि आयोजनाका कामहरु सञ्चालन भैरहेको छ ।

सि.नं.	बैक तथा वित्तिय संसथाको नाम	स्वीकृत कर्जा रकम (Bridge Gap Loan सहित) (रु.)	२०७८ आषाढ मसान्तसम्म उपाभोग गरेको कर्जा रकम रु.	ब्याज दर	भुक्तानी अवधी
१.	श्री ऐभेरेष्ट बैक लिमिटेड	१,६०,५४,७९,४५२	१३,४,६१,५९,५४१	चैत्र मसान्त २०७७ त्रैमासमा कायम ब्याज दर ७.९% रहेकोमा २०७८ बैशाख महिना देखि ५ वर्ष अवधीको लागि ८.७% स्थिर ब्याज दर कायम भई पुनरावलोकन भएको ।	१२ वर्ष
२	श्री नबिल बैक लिमिटेड	९०,४१,०९,५८९	६३,७९,६६,२६१		
३.	श्री ग्लोबल आइएमई बैंक लिमिटेड	९०,४१,०९,५८९	६२,६०,८५,१८१		
४.	श्री सनराइज बैक लिमिटेड	९९,३८,३५,६१७	६६,३६,६३,८६६		
५.	श्री जलविद्युत लगानी तथा प्रब	५४,२४,६५,७५३	३७,९८,०३,६५७		
६।					
	जम्मा	**४,९५,००,००,०००**	**३,६५,३६,७८,५०६**		

२०७८ आषाढ मसान्तको अपरिष्कृत वित्तिय विवरणबाट अद्यावधिक गरिएको)

सि.नं.	बुँदा	विवरणहरु
१	**शुरु कर्जा रकम**	कर्जा लिन सकिने जम्मा रकम: दीर्घकालीन कर्जा: रु. ४,४०,००,००,०००।- (मिति २०७२।१०।२० गतेको कर्जा सुविधा सम्झौता अनुसार) तथा Bridge Gap Loan: रु ५५,००,००,००० (मिति २०७२।१०।२० गतेको कर्जा सुविधा सम्झौता तथा विभिन्न अन्य मितिमा स्वीकृत भएनुसार ।) हालसम्म लिइएको कर्जा रकम: रु.३,६५,३६,७८,५०६।- (तीन अर्ब पैसठ्ठी करोड छत्तीस लाख अठ्हत्तर हजार पाँच सय छ मात्र ।)
२	**कर्जाको भुक्तानी अवधि**	१२(बाह्र) वर्ष (निर्माण अवधि ४ वर्ष सहित कर्जा भुक्तानी अवधि १६ वर्ष रहेको)
३	**कर्जा भुक्तानीको तरिका**	**ब्याज भुक्तानी** १. आयोजनाको व्यापारिक उत्पादन शुरु हुनु भन्दा अगाडी भएको कर्जाको ब्याज रकम (IDC) कर्जा सुविधा सम्झौता बमोजिम नेपाल राष्ट्र बैकको नियमावली अनुसार त्रैमासिक रुपमा आश्विन, पौष, चैत्र र आषाढ मसान्तमा पूजिकृत गर्ने व्यवस्था रहेको छ । २.आयोजनाको व्यापारिक उत्पादन पश्चात कम्पनीले सहवित्तियकरण लाई कर्जाको ब्याज

		त्रैमासिक रुपमा आश्विन, पौष, चैत्र र आषाढ मसान्तमा भुक्तानी गर्नेछ । ३. कम्पनीले सहवित्तियकरण लाई नियमित रुपमा ब्याज भुक्तानी नगरेमा उक्त भुक्तानी नभएको ब्याजमा भुक्तानी नभएको अवधिको लागि निर्धारित ब्याजदरमा थप २ प्रतिशत हर्जाना तिर्नेछ। **साँवा भुक्तानी** १. कम्पनीले सहवित्तियकरण लाई कर्जाको साँवा ब्याज आयोजनाको व्यापारिक उत्पादन शुरु भएको मिति (COD) पछिको त्रैमासबाट भुक्तानी तालिका अनुसार कर्जाको किस्ता प्रारम्भ हुने गरी कर्जाको किस्ता प्रारम्भ भएको मितिले १२ (बाह्र) बर्ष भित्र त्रैमासिक रुपमा आश्विन, पौष, चैत्र र आषाढ मसान्तमा भुक्तानी गर्नेछ । २. कम्पनीले सहवित्तियकरण बाट लिएको कर्जा रकम पूर्ण तथा आंशिक रुपमा अग्रिम भुक्तानी (Pre-Payment) गर्न चाहेमा ३० दिन अगावै त्यसको लिखित सुचना Lead बैंकलाई पठाई जानकारी गराउनु पर्नेछ । यसरी गरिने अग्रिम भुक्तानी रु १,००,००,००० को गुणत्मकमा हुनु पर्नेछ । यसरी गरिने अग्रिम भुक्तानी कम्पनीले आफ्नो नगद प्रभाव (वार्षिक आय) अनुसार गरेमा अतिरिक्त शुल्क नलाग्ने तर अन्य श्रोत मार्फत अग्रिम भुक्तानी गर्न चाहेमा कर्जा रकमको थप २ (दुई) प्रतिशतका दरले अग्रिम भुक्तानी शुल्क बुझाउनू पर्नेछ । ३. कम्पनीले तोकिएको समयमा साँवा किस्ता भुक्तानी नगरेमा भुक्तानी नभएको अवधिको लागि भाका नाघेको साँवा किस्ताका निर्धारित ब्याजदरमा थप २ प्रतिशत हर्जाना बुझाउनु पर्नेछ ।
	किस्ता रकम	आयोजना निर्माण अवधि सम्पन्न भए पछि मात्र ऋण भुक्तानीको लागि किस्ता निर्धारण गरी भुक्तानी गर्ने व्यवस्था भएको ।
५	**ब्याज दर**	कर्जाको बार्षिक ब्याज दर Weighted Average Base Rate Plus Premiumको तय गर्ने र ब्याज पुनरावलोकन गर्न आपसी बैठकबाट तय गरिने, र सो क्रममा Weighted Average Base Rate त्रैमासिकरुपमा निर्धारण गरिने र Premium अर्धबार्षिकरुपमा पुनरावलोकन गर्ने ब्यवस्था रहेकोमा चैत्र मसान्तमा कायम ब्याज दर ७.९% रहेको र २०७८ बैशाख महिना देखि ५ वर्ष अवधीको लागि ८.७% स्थिर ब्याज दर कायम भई पुनरावलोकन भएको ।
६	**हालसम्म भुक्तान गरेको कर्जा रकम**	स्वीकृत कर्जा रकम मध्ये २०७८ आषाढ मसान्तसम्म उपभोग गर्न बाँकी कर्जा रकम रु.७४,६३,२१,४९४/– रहेको र आयोजना निर्माण अवधिमै भएकोले कर्जा भुक्तानी शुरु भैनसकेको ।
७	**बाँकी रकम**	२०७८ आषाढ मसान्तसम्म रु. ३,६५,३६,७८,५०६।- कर्जा रकम भुक्तानी गर्न बाँकी रहेको ।

ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दा मामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा : सो नभएको ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण : सो नभएको ।

(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने : सो नभएको ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको ।

ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु श्री नलिना श्रेष्ठलाई फोन नं.:०१-४४४५६४९ तथा Email Address: info@gicl.com.np मार्फत सम्पर्क गरी प्रेषित गर्न सक्नेछन् ।

ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्कासन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण : सो नभएको ।

ग.२०. ऋणपत्र निष्कासन सम्बन्धी विवरण : हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

ग.२१. अग्राधिकार शेयर निष्कासन सम्बन्धी विवरण : सो नभएको ।

ग.२२. अन्य सामान्य जानकारी :

(क) **विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** वित्तीय प्रक्षेपणका आधारहरु यस विवरणपत्रका दफा ग.९.क.ज. मा उल्लेख गरिएको छ । प्रक्षेपित वित्तीय विवरण प्रमाणित गर्ने विज्ञले सो वित्तीय विवरणहरुमा कुनै कैफियत जनाएको छैन । आयोजनाको हकमा सहवित्तीयकरण बैंकहरुको तर्फबाट नियुक्त प्राविधिक परामर्शदाता जेड कन्सल्ट प्रा.लि.र वित्तिय परामर्शदाता टी.एन.आचार्य एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टले हाल सम्म कुनै कैफियत जनाएको छैन ।

(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :

हालसम्म सञ्चालक समितिमा भएको परिवर्तन देहाय बमोजिम रहेको छ ।

	संचालकहरुको नाम	पद	प्रतिनिधित्व गरिएको संस्था	संचालकमा बहाल रहेको अवधि	
				देखि	सम्म
१	राजीब राजभण्डारी	अध्यक्ष	बुटवल पावर कम्पनी लिमिटेड	२०७२/०९/०५	२०७५/०१/३१
२	ओम प्रकाश श्रेष्ठ	अध्यक्ष	बुटवल पावर कम्पनी लिमिटेड	२०७५/०२/०१	हालसम्म
३	प्रदीप कुमार श्रेष्ठ	सञ्चालक	बुटवल पावर कम्पनी लिमिटेड	२०७२/०९/०५	हालसम्म
४	उत्तर कुमार श्रेष्ठ	सञ्चालक	बुटवल पावर कम्पनी लिमिटेड	२०७५/०२/०१	२०७७/०७/०५
५	राम बहादुर गुरुङ्ग	सञ्चालक	लम्जुङ्ग विद्युत विकास कम्पनी लिमिटेड	२०६४/०९/०१	हालसम्म
६	बिजय बहादुर श्रेष्ठ	सञ्चालक	बुटवल पावर कम्पनी लिमिटेड	२०७७/०७/०६	हालसम्म

लेखापरीक्षकमा भएको परिवर्तन : लगातार ३ वर्षभन्दा बढी एकै व्यक्तिले लेखापरिक्षण गर्न नपाउने नियमानुसार लेखापरीक्षकमा परिवर्तन हुने गरेको । यस कम्पनीका हालसम्मका लेखा परिक्षकहरुको विवरण देहाय बमोजिम रहेको छ ।

आ.व. २०७४/०७५ का लागि सिएससि एण्ड कम्पनीका चार्टड एकाउण्टेन्ट श्री मदन शर्मा ।

आ.व. २०७५/०७६ का लागि सिएससि एण्ड कम्पनीका चार्टड एकाउण्टेन्ट श्री जितेन्द्र कुमार मिश्र ।

आ.व. २०७६/०७७ का लागि सिएससि एण्ड कम्पनीका चार्टड एकाउण्टेन्ट श्री जितेन्द्र कुमार मिश्र ।

(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :

श्री हरि बहादुर बुढाथोकी यस कम्पनीको कम्पनी सचिव हुनुहुन्छ । निजको स्थायी ठेगाना लम्जुङ्ग जिल्ला, बेसीशहर नगरपालिका वडा नं. १ रहेको छ । निजले कानुन विषयमा स्नातकोत्तर गर्नु भएको छ र कानुनी क्षेत्रमा करिव २० वर्षभन्दा बढि समयदेखि कार्यरत् हुनुहुन्छ ।

(घ) सार्वजनिक निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :

कम्पनीले स्वीकृत प्रबन्ध पत्रको दफा ६ बमोजिम कम्पनीको जारी पूँजीको २७ प्रतिशत शेयरहरु मध्ये उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु, संस्थापक संस्थाका कर्मचारीहरु र सर्वसाधारणको लागि छुट्टायाएको । जसमध्ये १० प्रतिशत अर्थात रु१,५०,००,०००/- (अक्षरुपी एक करोड पच्चास लाख मात्र) रकम बराबरको शेयर उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुलाई र २% अर्थात रु.३,००,००,०००।- (अक्षरुपी तीन करोड मात्र) संस्थापक संस्थाका कर्मचारीहरुलाई र १५ प्रतशित शेयर अर्थात रु.२,२५,००,०००/- (अक्षरुपी दुई करोड पच्चीस लाख मात्र) रुपैया बराबरको शेयर सर्वसाधारणको लागि विक्री गर्न छट्टयाएको छ । उक्त शेयरहरु निष्कासन गर्नका लागि निष्कासन तथा विक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लि. तथा सहनिष्काशन तथा विक्री प्रवन्धक एनएमवि क्यापिटल लि. मार्फत गराउने निर्णय गरेको छ ।

(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण : यो आयोजनाबाट प्राप्त हुने आयमा १० वर्षसम्म १०० प्रतिशत आयकर छुट तथा सो पश्चात ५ बर्षको लागि ५० प्रतिशत आयकर छुट प्रदान गरिएको छ ।

(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, गंगा देवी मार्ग ३१३, बुद्धनगर, नयाँ बानेश्वर, काठमाण्डौं ।

२. धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक श्री ग्लोबल आइएमई क्यापीटल लि., नक्साल काठमाण्डौ ।

३. धितोपत्र सह निष्कासन तथा विक्री प्रबन्धक श्री एनएमवि क्यापिटल लि., नागपोखरी, नक्साल, काठमाण्डौं ।

(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन नियम अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :

संगठित संस्थाले यस विवरणपत्र मार्फत आफ्नो जारी पूंजी रु.१,५०,००,००,०००/- (अक्षरेपी एक अर्ब पचास करोड मात्र) मध्ये १५% अर्थात रु.२२,५०,००,०००/– (अक्षरेपी बाईस करोड पचास लाख) रकम बराबरको रु.१००/–अंकित दरको २२,५०,००० कित्ता साधारण शेयरको ५% अर्थात १,१२,५०० कित्ता साधारण शेयर सामुहिक लगानी कोष र २% अर्थात ४५,००० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि छुट्टाइएको र बाँकी २०,९२,५०० कित्ता साधारण शेयर सर्वसाधारणहरुमा निष्काशन गरिएको ।

(झ कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ ।

(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :

यस विवरणपत्र मार्फत निष्काशित शयर विक्रि वितरण गर्न आयोजना प्रभावित बासिन्दाहरुको हकमा उक्त जिल्लामा संकलन केन्द्रहरुको व्यवस्था गरिएको हुँदा सो मा सम्पर्क गरी वा नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी देशभरका बैक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुबाट आस्वा (ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । त्यस्तै सर्वसाधारणहरुको हकमा नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्कासनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट C-ASBA प्रणालीबाट आवेदन दिन सकिने व्यवस्था भएको साथै सिडिएससीले प्रयोगमा ल्याएको मेरो शेयर (MERO SHARE) बाट समेत आवेदन गर्न सकिनेछ ।

(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यबस्था :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि., कमलादी, काठमाण्डौंबाट इस्यूर रेटिङ्ग गराइ "[CARE-NP BB (Is) [Double B (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ "[CARE-NP BB (Is) [Double B (issuer)]" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने बुझिन्छ । केयर रेटिङ्ग नेपाल लि.ल CARE-NP AA (Is) देखि CARE-NP C (Is)सम्मको ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड "CARER-NP AA(Is)" ले सकारात्मक आधार जनाउँछ भने "CARER-NP C (Is)" ले नकारात्मक आधारहरू जनाउँछ ।

(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण : यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौं रहेको छ ।

(ड) सकारात्मक पक्षहरु :

१) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष सत प्रतिशत आयकर छुट हुने तथा सो पश्चात् अर्को ५ वर्ष ५० प्रतिशत आयकर छुट हुने हुँदा लाभांशको दर बढी रहेको । यस जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको ।

२) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।

३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेकोले यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

४) संस्थापक शेयरधनीहरु जलविद्युत क्षेत्रमा अनुभवी कम्पनीहरु भएको ।

(ढ) धितोपत्र निष्काशन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का ब्यबस्थाहरु देहाय बमोजिम रहेको छ :

(१) कम्पनी आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि अवश्यक कार्यहरु अगाडि बढाई एक बर्षको अवधि पूरा गरिसकेको : यस कम्पनी मिति २०६३/११/१७ गतेबाट पब्लिक लि. को रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०६४/११/२६ गतेबाट मात्र कारोबार सञ्चालन गर्न इजाजत पत्र प्राप्त गरेको हो ।

(२) नियमानुसार लेखापरीक्षक तथा साधारण सभा सम्पन्न गरेको : यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभा गर्दै आइरहेको र पछिल्लो पटक मिति २०७६/०८/०६ गते सम्पन्न १२ औं बार्षिक साधारण सभाबाट अनुमोदन भए अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भए बमोजिमको चार्टर्ड एकाउण्टेण्ट फर्म श्री सिएसि एण्ड कम्पनीलाई आ.व. २०७६/०७७ का लागि लेखापरिक्षकमा नियुक्त गरिएको ।

(३) प्रचलित कानुन बमोजिम संगठित संस्थाले गर्ने मूख्य कार्य गर्नको लागि कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको : यस कम्पनीले विद्युत विकास बिभागबाट मिति २०६९/११/०३ गतेका दिन विद्युत उत्पादन अनुमति पत्र प्राप्त गरी कार्य गर्दै आइरहेको ।

(४) संगठित संस्थाको लागि अवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन गोदामघर तथा अन्य आवश्यक सुविधाहरु निर्माण कार्य शुरु गरिसकेको : कम्पनीले आयोजना निर्माणका लागि आवश्यक निजी जग्गा खरीद गरिएको र सरकारी वनक्षेत्रको जग्गा नेपाल सरकारबाट लिजमा भोगाधिकारका लागि स्वीकृति प्राप्त भएको ।

(५) उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि अवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्नुपर्ने भएमा खरिद प्रक्रिया अगाडि बढाइसकेको : यस कम्पनीको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्न ठेक्का सम्झौता भई सो अनुसार कार्य भइरहेको ।

(६) **धितोपत्रको सार्वजनिक निष्कासन सम्बन्धमा निष्कासन तथा विक्री प्रबन्धकसँग सम्झौता भईसकेको :** निष्कासन कम्पनी र धितोपत्र निष्कासन तथा विक्री प्रबन्धक बिच धितोपत्र निष्कासन सम्बन्धी सम्झौता भईसकेको ।

(७) **आयोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको :** यस कम्पनीले निर्माण गर्दै आइरहेको आयोजना निर्माणका लागि एभरेष्ट बैंक लिमिटेडको अगुवाईमा मिति २०७२/१०/२० गतेका दिन ऋण सम्झौता भई फाइनान्सियल क्लोजर भैसकेको ।

(८) **जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणको लागि टेण्डर आव्हान गरिसकेको :** यस कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग मिति २०७२/०२/१२ मा विद्युत खरिद विक्रि सम्झौता गरिसकेको र जलविद्युतगृह तथा अन्य पूर्वाधार निर्माणका लागि ठेकेदार छनौट गरी कार्यहरु सम्पादन गर्दै आएको।

(९) **आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको :** यस कम्पनीले आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्कासन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको ।

(१०) **संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम शत प्रतिशत चुक्ता भैसकेको :** संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम शत प्रतिशत चुक्ता भैसकेको ।

(११)**सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको :** यस कम्पनीले सर्वसाधारणमा निष्कासन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौंसँग सम्झौता गरी प्रत्याभुति गराएको ।

(ण) **शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :** सिडिएस एण्ड क्लिरियङ्ग लि.मा धितोपत्र दर्ता तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

(त) **धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आबेदन दिने अवधि कम्तीमा १५ (पन्ध्र) दिन र बढीमा ३० (तीस) दिन हुनेछ । त्यस्तै संस्थापक संस्थाका कर्मचारीहरुको हकमा ७ कार्य दिनको लागि आवेदन खुल्ला गरिनेछ । उक्त अवधिमा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा संस्थापक संस्थाका कर्मचारीहरुका लागि निष्काशन गरिएको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयरहरु समेत थप गरी सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आबेदन गर्न पाउने गरी दोश्रो चरणको दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४(चार) कार्य दिनभन्दा अगाडि शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन ।

ग.२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।

सि.नं.	संचालकहरुको नाम	पद	दस्तखत
१.	श्री ओम प्रकाश श्रेष्ठ	अध्यक्ष	
२.	श्री प्रदीप कुमार श्रेष्ठ	सञ्चालक	
३.	श्री बिजय बहादुर श्रेष्ठ	सञ्चालक	
४.	श्री राम बहादुर गुरुङ्ग	सञ्चालक	

ग.२४ निष्कासन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

Global IME Capital Limited

ग्लोबल आइएमई क्यापिटल लिमिटेड

GROW WITH US

29968

Regd No. 1067/064/065

प.सं. : GICL/IM/१४८२/२०७७/७८, चलानी नं.: ३३०८ मिति : २०७८/०३/१६

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

बिषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।

महोदय,

प्रदेश नं. ३, गंगा देवी मार्ग - ३१३, बुद्धनगर, काठमाण्डौंमा रजिष्टर्ड कार्यालय रहेको श्री न्यादी हाईड्रोपावर लिमिटेडको प्राथमिक शेयर निष्कासन गर्न लागेको प्रति शेयर अंकित मूल्य रु.१००।– दरका ४०,५०,००० (स्थानिय बासिन्दाहरुको लागि १५,००,००० कित्ता, संस्थापक संस्थाका कर्मचारीहरुका लागि ३,००,००० कित्ता तथा सर्वसाधारणमा २२,५०,००० कित्ता) कित्ता शेयर निष्कासन तथा बिक्री प्रबन्धकको रूपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । प्राथमिक शेयर निष्कासन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार प्राथमिक शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्कासन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको "विवरण-पत्र" मा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरूलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको बिश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरू प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो बिचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. कम्पनीले निष्कासन गर्न लागेको प्राथमिक शेयरका लागि आवेदन दिने आवेदकहरुलाई "विवरण-पत्र" तथा दरखास्त फारम सरल तरिकाबाट बितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।

५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ मा उल्लेखित सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरूप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक :

ग्लोवल आइएमई क्यापीटल लिमिटेडको तर्फबाट

नाम : नलिना श्रेष्ठ
पद: ना. प्रमुख कार्यकारी अधिकृत
सही :

कार्यालयको छाप : Global IME Capital Limited Kathmandu, Nepal

श्री नेपाल धितोपत्र बोर्डबाट मर्चेन्ट बैंकर (निष्काशन तथा बिक्री प्रबन्ध, शेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभुति र लगानी व्यवस्थापन), निक्षेप सदस्य तथा योजना व्यवस्थापक र डिपोजिटरीको कार्य गर्न अनुमतिपात्र प्राप्त संस्था
P.O.Box No. 21599, 1st Floor, Laxman Babu Bhawan, Naxal, Kathmandu, Nepal
Ph.: 4445649, 4445650
E-mail: info@gicl.com.np
Website: www.globalimecapital.com

ग.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

K. P. N. & ASSOCIATES
CHARTERED ACCOUNTANTS

GPO Box: 3738
House No. 65, Kumari Marga-6
Dillibazar, Kathmandu, Nepal

Review Report

The Board of Directors
Nyadi Hydropower Ltd.
Buddhanagar, Kathmandu

We have reviewed the accompanying projected financial statements of **Nyadi Hydropower Ltd.** for next five years, which comprise Projected Statement of Financial Position at the respective year end, Projected Statement of Profit or Loss and Other Comprehensive Income, Projected Statement of Cash Flows for the year then ended and Assumptions on Projected Financial Statements. These financial statements are the responsibility of the management. Our responsibility is to issue a report on these projected financial statements based on our review.

We have performed the review to obtain moderate assurance as to whether the financial statements are free of material misstatement. A review is limited primarily to inquiries of company's personnel and analytical procedures applied to financial data and thus provides less assurance than an audit. We have not performed an audit and, accordingly, we do not express an audit opinion.

We have reviewed the underlying assumptions for financial projection used for preparation of the projected financial statements. However, there will usually be differences between the forecasted and actual results, because events and circumstances frequently do not occur as expected, and those differences may be material. We have no responsibility to update this report for the events and circumstances occurring after the date of this report.

Based on our review, nothing has come to our attention that causes us to believe that the accompanying financial statements, read with assumptions on projected financial statements, do not give a true and fair view in accordance with Nepal Accounting Standards so far as applicable or relevant practices.

K.P.N. & Associates Kathmandu Chartered Accountants

CA. Keshab Prasad Neupane
K. P. N. & Associates
Chartered Accountants

Date: 2078/04/17
Place: Kathmandu
UDIN: 210802CA00469z2Yq9

01-4420903 | info@kpn.com.np | www.kpn.com.np